# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ३१७ | काठमाडौं | बिहीबार, २९ फागुन २०८१ | Prabhab National Daily | Thursday, March 13, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|-


# राजावादी आन्दोलनलाई दिल्लीको 'ब्याकअप' !

■ जेबी योञ्जन



काठमाडौं- पूर्वराजा ज्ञानेन्द्र शाहको स्वागतमा हालै काठमाडौंमा देखिएको भीडले राजावादीहरू अस्वाभाविकरूपमा उत्साहित देखिएका छन् । झण्डै १७ वर्षपछि ज्ञानेन्द्रलाई राजगद्दीमा विराजमान गराउने उपयुक्त राजनीतिक वातावरण बनेको अर्थमासमेत उनीहरूले बुझेका छन् ।

यहीबीच गणतन्त्रवादीहरूलाई चेतावनीपूर्ण भाषामा राजावादी दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)की सांसद रोशन कार्कीले भनिसकेकी छन्, 'लुक्ने ठाउँ खोज्दै गर्नुहोला ।' एकताका टाउको उठाउन नसक्ने राजावादीहरूमा यस्तो साहस एकाएक कसरी भरियो ? अर्थराजनीतिक विश्लेषक हरि रोका यसमा दिल्ली जिम्मेवार रहेको ठान्छन् । तर, काठमाडौंमा राजावादीलाई उकास्नु दिल्लीका लागि घातक हुने उनको विश्लेषण छ ।

'पूर्वराजाको स्वागतको नाममा गरिएको शक्ति प्रदर्शनमा युपी (उत्तर प्रदेश)का मुख्यमन्त्री योगीजीको तस्बिर देखियो । राप्रपा नेताहरूले खुलमखुला योगीको तस्बिर बोक्दा के नै भयो र ? भनिरहेका छन् तर त्यो तस्बिरले काठमाडौंमा राजावादीलाई दिल्लीले काँध दियो भन्ने सन्देश गयो,' उनले प्रभावसँग भने, 'तर, भारतका लागि त्यो दीर्घकालमा घातक कदम हुन जान्छ ।' उनले नेपालमा राजतन्त्र फर्किने सम्भावना 'शून्य' रहेको बताएका छन् ।

यहीबीच प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखकसँगै अन्य मन्त्रीहरूले पूर्वराजा शाहलाई सीमा ननाघ्न चेतावनी दिइसकेका छन् । गणतन्त्र नेपालका प्रथम प्रधानमन्त्री तथा प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले राजावादीहरूलाई टाउको नउठाउन चेतावनी दिइसकेका छन् । नेपाली समाज अँध्यारोतिर नफर्किने भन्दै राजावादीहरूलाई दिवास्वप्न नदेख्न उनको सुझाव छ ।

तर, विगतमा आफैंले भूत, प्रेत, मसान भनेको राजावादीसँग झस्किनुपर्ने अवस्थामा भने गणतन्त्रवादी नेताहरू पुगेका छन् । जबकि, नेपालमा राजसंस्था पुनर्स्थापनाको माग गर्ने राप्रपा र राप्रपा नेपाल गरी मूलतः दुई पार्टी छन् । क्रमशः पृष्ठ २ मा



पूर्वराजाको स्वागतको नाममा गरिएको शक्ति प्रदर्शनमा युपी (उत्तर प्रदेश)का मुख्यमन्त्री योगीजीको तस्बिर देखियो । राप्रपा नेताहरूले खुलमखुला योगीको तस्बिर बोक्दा के नै भयो र ? भनिरहेका छन् तर त्यो तस्बिरले काठमाडौंमा राजावादीलाई दिल्लीले काँध दियो भन्ने सन्देश गयो ।

● **हरि रोका**
अर्थराजनीतिक विश्लेषक



२००७ सालदेखि नै भारतले नेपालको आन्तरिक राजनीतिमा कुनै न कुनै रूपले स्पेस पाउँदै आएको छ । यसपटक राजावादीमार्फत स्पेस खोजेको देखिन्छ । विदेशी शक्तिले काँध लगाउनु ठीक होइन ।

● **डा. भेषराज घिमिरे**
प्राध्यापक, त्रिभुवन विश्वविद्यालय

# शशांक शैली पछ्याउँदै गगन

■ प्रभाव संवाददाता

- अघिल्लो कार्यकालमा देउवाले मनलागी गरे पनि महामन्त्री शशांक मौन बसिदिन्थे, अर्थात् उनको साथ रहन्थ्यो । ठीक यही शैली अहिलेका महामन्त्री गगन थापाले पनि पछ्याउन थालेका छन् ।
- शेखर कोइराला गुटबाट १४औं महाधिवेशनमा महामन्त्री बनेका गगन अहिले देउवासँग नजिकिएका छन् ।
- देउवाको आशीर्वाद पाउने आशामा गगन देउवाको मनलाग्दी निर्णयमा सही थाप्दै हिँडेका देखिन्छन् ।



**काठमाडौं-** १३औं महाधिवेशनपछि नेपाली कांग्रेसको नेतृत्वमा शेरबहादुर देउवा आए । उनी कांग्रेसको नेतृत्वमा आएपछि पार्टी यति कमजोर बन्यो कि प्रतिनिधिसभामा समानुपातिकसहित जम्मा ६३ सिट हात पर्‍यो । नेकपा एमाले र नेकपा माओवादी केन्द्र मिलेर बनेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का कारण कांग्रेसको शक्ति हरण भएको थियो २०७४ को प्रतिनिधिसभा निर्वाचनमा ।

त्यतिबेला नेपाली कांग्रेसका निर्वाचित महामन्त्री थिए शशांक कोइराला । कोइराला रामचन्द्र पौडेल समूहबाट महाधिवेशन भिडेका थिए । चुनावी परिणामपछि संस्थापनइतर गुटका नेता पौडेलको एउटै अडान थियो- हारको जिम्मा देउवाले लिनुपर्छ । तर देउवालाई महामन्त्री शशांकको यति साथ रह्यो कि, त्यो हारको जिम्मा सिंगो कांग्रेसले लियो । हारका अपजस आफू एक्लैले लिनु नपरेपछि देउवा एकाएक चम्किए ।

देउवाले मनलागी गरे पनि शशांक मौन बसिदिन्थे, अर्थात् उनको साथ रहन्थ्यो । ठीक यही शैली अहिलेका महामन्त्री गगन थापाले पनि पछ्याउन थालेका छन् । गगन शेखर कोइराला गुटबाट १४औं महाधिवेशनमा महामन्त्री बनेका हुन् । अहिले गगन शेखर गुटमा छैनन् । १५औं महाधिवेशनमा आफैं सभापतिको उम्मेदवार बन्ने दाउमा रहेका गगन देउवाको मनलाग्दी निर्णयमा सही थाप्दै हिँडेका देखिन्छन् । कारण अब देउवा टिमबाट सभापतिको उम्मेदवार बन्न पाइन्छ कि भन्ने आशा ।

## सरकार सञ्चालनको जिम्मेवारीमा गगन

अहिले कांग्रेस प्रतिनिधिसभाको दोस्रो ठूलो दल नेकपा एमालेको नेतृत्वमा रहेको सरकारमा छ । प्रकाशमान सिंहलाई उपप्रधानमन्त्री बनाएर देउवाले पार्टीको नेतृत्व सरकारमा उनैले सम्हाल्ने भनेका थिए । तर हिजोआज प्रकाशमानलाई देउवाले कुनै जिम्मेवारी दिएका छैनन् । रूपन्देहीमा पार्टीको प्रशिक्षण विभागले आयोजना गरेको कार्यक्रममा सरकारको तर्फबाट जवाफ दिने सत्रमासमेत प्रकाशमान देखिएनन् । यो जिम्मेवारी गृहमन्त्री रमेश लेखक र परराष्ट्रमन्त्री आरजु राणा देउवाले पाए । यता पार्टी प्रशिक्षणको नेतृत्व गर्ने जिम्मेवारी भने महामन्त्री थापाले पाएका छन् ।

यसैगरी विभिन्न नियुक्ति र मन्त्रिपरिषद्को निर्णयमासमेत गगनको सहमति अनि लेखकको उपस्थिति अनिवार्य मान्न थालिएको छ । 'अहिले मन्त्रिपरिषद्मा गृहमन्त्री लेखक र परराष्ट्रमन्त्री आरजुविना निर्णय हुन मुस्किल छ,' एक मन्त्रीले भने, 'बाहिर गगनको सहमति नभइ मन्त्रिपरिषद्मा आउँदैन ।'

माओवादी केन्द्रसँग मिलेर २०७९ को निर्वाचनमा पहिलो दल बन्न सफल कांग्रेस अहिले विभिन्न किचलोमा फसेको छ । पार्टीका नेताहरू ललितानिवास प्रकरण, भुटानी शरणार्थी प्रकरण, रिगल प्रकरण आदिले बद्नाम बन्दै गएको छ । यसैगरी सदनमा तरकेश्वरको जग्गा हडपेको विषयमा पनि बचाउमा उभिनुपरेको छ । बुधबारमात्र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद सुमना श्रेष्ठ र शिशिर खनालले यो विषय सदनमा उठाएको थियो । यो विषयमा कांग्रेसका सांसदहरूले आपत्ति जनाएका थिए ।

यता गगन आफैंले चर्काएको गिरिबन्धु टी-स्टेट प्रकरण एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बनेसँगै सेलाएको छ । सरकारमा कांग्रेसका मन्त्रीहरूको 'पर्फमेन्स' देखिएको छैन । यद्यपि यस विषयमा प्रश्न सोध्दा गगन सकेसम्म पन्छिन्छन् । सरकार सञ्चालनका लागि गठन गरिएको संयन्त्रमा गगन पनि छन् । १३औं महाधिवेशनपछि जसरी शशांकले पार्टीमा देउवाको आशीर्वाद पाउन जुन शैली अपनाए, गगनले यही शैली अपनाउन थालेको पार्टीका पदाधिकारी नै दाबी गर्छन् । '१३औं महाधिवेशनपछि कांग्रेस इतिहासमै कमजोर बनेको थियो । त्यतिबेला शशांकले बचाउ गरे,' कांग्रेसका एक पदाधिकारीले भने, 'ठीक त्यही शैली गगनले अहिले अपनाएका छन् ।'

पहिलो कार्यकालमा पार्टीभित्र मनपरी गरेका देउवाले दोस्रो कार्यकाल पनि त्यसरी नै बिताएका छन् । विधानअनुसार महाधिवेशन भएको छ महिनाभित्र कोषाध्यक्ष मनोनीत गर्नुपर्नेमा महाधिवशेनको मुखमा उमेश श्रेष्ठलाई उक्त पद दिएका छन् । विभिन्न विभागहरूको हालत यस्तै छ । पार्टीमा आफ्नो रजगज चलाउन शेखर कोइराला समूहलाई निकै कमजोर बनाइदिएका छन् ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# मलेसियामा सुरक्षा गार्ड पठाउन 'चलखेल'

## चलखेल नरोके नाम सार्वजनिक गर्ने लोकतान्त्रिक एसोसिएसनको चेतावनी

■ प्रभाव संवाददाता

**काठमाडौं-** मलेसियामा सुरक्षा गार्ड पठाउन केही स्वार्थ समूह आर्थिक चलखेलमा लागेको भन्दै नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले आपत्ति जनाएको छ । मलेसियाले नेपालबाहेक अन्य देशबाट सुरक्षा गार्ड नलिने नीति लिएको अवस्थामा मलेसियाका सुरक्षा गार्ड प्रदायक कम्पनीहरू नेपाली कामदार लिन बाध्य रहेको एसोसिएसनले स्पष्ट पारेको छ ।

एसोसिएसनले बुधबार एक विज्ञप्ति जारी गरी यस्तो चलखेलको पछि नलाग्न व्यवसायीहरूलाई अपिल गरेको छ । नेपालीहरूको बहादुरी र इमानदारिताबाट प्रभावित भएर मलेसियाका सुरक्षा प्रदायक कम्पनीहरूले नेपाली श्रमिकहरूमात्र लैजाने गरेका छन् । यसको फाइदा उठाउँदै केही व्यवसायीहरू व्यक्तिगत तथा सीमित स्वार्थ पूरा गर्न लागिपरेकोप्रति गम्भीर ध्यानाकर्षण भएको एसोसिएसनले जनाएको छ ।

यदि व्यवसायीबीच अस्वस्थ प्रतिस्पर्धा नहुने हो भने श्रमिकलाई फ्रि-भिसा, फ्रि-टिकटमा पठाउन सकिने एसोसिएसनले जनाएको छ । मलेसियाले कामदारको टिकट, भिसा तथा व्यवसायीको सेवा शुल्कसमेत व्यहोर्दै आएको छ । यस्तो अवस्थामा सबै व्यवसायीले प्रतिस्पर्धी तथा पारदर्शी वातावरणमा काम गर्न पाउनुपर्ने एसोसिएसनको भनाइ छ । यस विषयमा धेरै व्यवसायीको गुनासो आएकाले विज्ञप्ति जारी गर्नुपरेको एसोसिएसनका अध्यक्ष दीपक थापाले बताए ।

'यदि सयौं व्यवसायीले काम गरिरहेको अवस्थामा १५-२० जनाले मात्र काम गर्न खोज्छन् भने उनीहरूलाई कारबाही गरिन्छ । व्यवसायी पलायन हुन्छन् भने त्यस्ता चलखेल गर्नेलाई कारबाही नगरी व्यवसायलाई कसरी बचाउने ?,' उनले भने । अहिले मलेसियाबाट १२ देखि १४ हजार सुरक्षा गार्डको माग स्वीकृत भएको भन्ने जानकारी आएको थापाले बताए ।

'यस वर्ष सात-आठ हजारको हाराहारीमा सुरक्षा गार्ड लग्न सक्छ,' उनले बताए । मलेसियामा यसबाहेक कृषि, प्राविधिकजस्ता क्षेत्रमा माग आउने जनाइएको छ । उत्पादन क्षेत्रको माग आउने सम्भावना भने न्यून रहेको उनको भनाइ छ ।

केही व्यवसायीको स्वार्थका कारण व्यवसाय टिकाउन मुस्किल परेको एसोसिएसनका सचिव तुलसीराम पुरीले बताए । 'हाम्रो त अब काम गर्ने अवस्था छैन, डिमान्ड नआई पैसा दिनेलगायतका काम भइरहेका छन् । कसरी काम गर्ने ?,' उनले भने । यदि व्यवसायीको चलखेल नरोकिए आफूहरूले केही दिनमै नाम सार्वजनिक गर्ने उनको भनाइ छ । कसले चलखेल गरिरहेको छ भनेर आफूहरूले थाहा पाइसकेकाले यो नरोकिए चुप लागेर नबस्ने उनले बताए ।

स्वार्थ समूहहरू विभिन्न प्रकारका आकर्षक 'अफर'हरू लिएर मलेसियाका सुरक्षा प्रदायक कम्पनीहरूमा धाइरहेका र यसबाट नेपाली व्यवसायीहरूकै कमजोरीको फाइदा उठाउँदै सुरक्षा प्रदायक कम्पनीहरूले अनावश्यकरूपमा आर्थिक चलखेल गरिरहेको विज्ञप्तिमा उल्लेख छ । गलत माध्यमबाट लाभ उठाउनेभन्दा पनि व्यावसायिक मर्यादा कायम राख्न एसोसिएसनले आग्रह गरेको छ ।

क्रमशः पृष्ठ २ मा




नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन
Nepal Democratic Foreign Employment Entrepreneurs Association
(NDFEEA)
प्रेस विज्ञप्ति

सयौं व्यवसायीले पारदर्शीरूपमा सुरक्षा गार्ड पठाइरहेको अवस्थामा १५-२० जनाले मात्र काम गर्न खोज्छन् भने एसोसिएसन कडा प्रतिरोधमा उत्रन्छ । त्यस्ता व्यक्तिहरूलाई कारबाही गरिन्छ ।

● **दीपक थापा**
अध्यक्ष, लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन


जनहितमा जारी सन्देश



# इजिप्टका राष्ट्रपतिसँग विपिनको रिहाइका लागि आग्रह



काठमाडौं (प्रस)- प्रधानमन्त्री केपी शर्मा ओलीले इजिप्टका राष्ट्रपति अब्देल फत्ताह सइद हुसैन खालिलसँग बुधबार साँझ टेलिफोन संवाद गरी हमासद्वारा बन्धक बनाइएका नेपाली विद्यार्थी विपिन जोशीको रिहाइका लागि थप पहल गरिदिन आग्रह गरेका छन् ।

प्रधानमन्त्री ओलीले 'लर्न एण्ड अर्न' कार्यक्रमअन्तर्गत इजरायलमा कार्यरत विद्यार्थी जोशीको सकुशल र शीघ्र रिहाइका लागि भूमिका निर्वाहका लागि राष्ट्रपति अब्देलसँग आग्रह गरेका हुन् । जवाफमा राष्ट्रपति अब्देलले उक्त विषयमा आफ्नो प्रयास जारी रहने अवगत गराए ।

इजरायलमाथि आक्रमणका क्रममा सन् २०२३ अक्टोबर ७ मा हमासद्वारा बन्धक बनाइएका जोशीको इजरायल र हमासबीचको दोस्रो चरणको बन्दी आदानप्रदानको सूचीमा नाम प्राथमिकतामा पार्ने प्रयासका लागि धन्यवाद व्यक्त गरे । प्रधानमन्त्री ओलीले इजरायल र हमासबीचको युद्धविराम सम्झौताको नेपालले स्वागत गरिसकेको र सो क्रममा अरब गणतन्त्र इजिप्टले खेलेको भूमिकाको महत्त्वपूर्ण भएको उल्लेख गरे । प्रधानमन्त्री ओलीले नेपाल विश्व शान्तिका पक्षमा सदैव रहेको स्पष्ट गर्दै यस मानवीय प्रकृतिको कार्यमा भूमिका निर्वाहका लागि कतार र संयुक्त राज्य अमेरिका सरकारलाई पनि आभार व्यक्त गरे ।

पृष्ठ १ बाट क्रमशः

## शशांक शैली...

सरकारमा सहभागी हुँदा देउवाले शेखर टिमबाट बद्री पाण्डे, तेजुलाल चौधरी, रामनाथ अधिकारीलाई मन्त्री बनाएका छन् । यसअघि शेखर टिमबाट धनराज गुरुङलगायत सरकारमा सहभागी थिए । शेखर टिमबाट नाम जाँदा आफ्नो नेता र आफू नपरेपछि गगन शेखरसँग रुष्ट थिए । यही कारण गगन अहिले देउवासँग नजिकिएको शेखर समूहका नेताहरू बताउँछन् । पछिल्लोपटक देउवाले सहकारी प्रकरणमा रास्वपा सभापति रवि लामिछाने पक्राउ परेसँगै गगनको प्रशंसा गर्न थालेका छन् ।

■■■

## राजावादी...

राजेन्द्र लिङ्देन नेतृत्वको राप्रपा संसद्को पाँचौं ठूलो पार्टीका रूपमा छन् भने कमल थापा नेतृत्वको राप्रपा नेपाल संसद्मा छैन । यीबाहेक असंगठित व्यक्ति र केही समूहले पनि राजसंस्थाको पक्षमा अभियानहरू चलाउँदै आएका छन् । तर, यी कसैलाई पूर्वराजाले सार्वजनिक समर्थन गरेका थिएनन् । न त आफूले पुनः सत्ता चाहेको कुरामा खुलेका थिए । यसअघि विभिन्न दिवस अनि चाडबाडको अवसर पारेर देशको अवस्थाबारे चिन्ता जनाउने उनले प्रजातन्त्र दिवसका अवसरमा सार्वजनिक पछिल्लो सन्देशमार्फत सक्रिय हुने संकेत दिएपछि यसले राजावादी क्याम्पमा खुसियाली ल्यायो । गणतन्त्रवादीहरूमा संशय बढायो । शाहले देशको रक्षा, प्रगति र समृद्धिका लागि आफूलाई साथ दिन आह्वान गरेका थिए ।

ज्ञानेन्द्रले यसो भन्ने आँट गर्नुमा भारतकै भूमिका रहेको त्रिभुवन विश्वविद्यालयमा राजनीतिशास्त्र प्राध्यापनरत डा. भेषराज घिमिरे बताउँछन् । '२००७ सालदेखि नै भारतले नेपालको आन्तरिक राजनीतिमा कुनै न कुनै रूपले स्पेस पाउँदै आएको छ र यसपटक राजावादीमार्फत स्पेस खोजेको देखिन्छ,' उनले भने, 'विदेशी शक्तिले काँध लगाउनु ठीक होइन ।' उनले पनि राजतन्त्र फर्किने सम्भावना नभएको बताए ।

शाह वंशले नेपालमा २३८ वर्षसम्म शासन चलायो । यो सत्तालाई २०६३ सालमा नागरिकले नै ढालिदिएका थिए । यसपछि १५ जेठ २०६५ मा संविधानसभाले नेपालमा गणतन्त्र घोषणा गरेको थियो । तर, झण्डै १७ वर्षपछि अहिले गणतन्त्रमाथि धावा बोल्दै राजावादीहरू पुरानो व्यवस्था फर्काउन तम्सिएका छन् । गणतन्त्र विफल भएको भन्दै यसको विकल्पका रूपमा राजतन्त्र सही हुने प्रचार उनीहरूले गरिरहेका छन् ।

एकातिर उनीहरूको माहोल, अर्कातिर नागरिकमा चुलिँदो निराशा देखेर कांग्रेस, एमाले, माओवादीलगायत दलहरू सशंकित र भयभीत देखिन्छन् । किनकि, डेढ दशकमै गणतन्त्रलाई बद्नाम प्रायः गराउन राजावादीको भन्दा ठूलो हात यिनै दलको रहेको टिप्पणी हुने गरेको छ ।

हुन पनि गणतन्त्र स्थापनापछि नेपालमा झण्डै डेढ दर्जन सरकारसँगै आठ जना प्रधानमन्त्री बने । तर, देशको अवस्था र नागरिकको जीवनयापनमा यसले कुनै फरक नपारेको जनआक्रोश छ । आगामी प्रधानमन्त्रीका लागि पनि तिनै पात्र तयार भएर बसेका छन्, जोप्रति नागरिकलाई पटक्कै विश्वास छैन । उनी हुन्, कांग्रेस सभापति शेरबहादुर देउवा । ७८ वर्षे उनी छैटौंपटक प्रधानमन्त्री हुन साइत हेरेर बसेका छन् । यसअघि पाँचपल्ट प्रधानमन्त्री हुँदा उनले नागरिकले सम्झिने खालका कुनै काम नगरेको विश्लेषण हुने गरेको छ । तर, अबको एक वर्षपछि उनी फेरि प्रधानमन्त्री बन्ने दाउमा छन् ।

उसो त एमाले अध्यक्ष ७३ वर्षे ओली पनि यसअघि चारपल्ट प्रधानमन्त्री भइसकेका पात्र हुन् । एक नियुक्ति प्राविधिकरूपमा मात्र गणना गरिए पनि तीन कार्यकालमा ओलीले नागरिकलाई सन्तुष्ट पार्ने काम गर्न सकेनन् । बरु उनी प्रधानमन्त्री रहेकै बेला राजावादी आन्दोलन चर्केको छ । माओवादी अध्यक्ष ६८ वर्षे दाहाल पनि तीनपल्ट प्रधानमन्त्री भइसके । कांग्रेस, एमालेबीच मन फाटेको दिन फेरि प्रधानमन्त्री बन्ने हिसाब गरेर उनी प्रतीक्षारत छन् । यो लुछाचुँडी लामो समययता चलिरहेको छ । यसले पनि राजावादीहरूलाई हौस्याएको टिप्पणी भइरहेको छ ।

■■■

## मलेसियामा...

साथै, मलेसिया रोजगारीको सम्बन्धमा केही सीमित व्यवसायीहरूले मात्र काम गर्न पाउनेगरी सिण्डिकेट लगाउन गर्ने प्रयासको पनि एसोसिएसनले विरोध गरेको छ । यस्तो प्रयास गर्ने जो कोहीलाई देश नै छोड्न बाध्य पारिनेसमेत एसोसिएसनको चेतावनी छ । एसोसिएसनले यस विषयमा नेपाल सरकार, मलेसियास्थित राजदूतावास तथा नेपाल वैदेशिक रोजगार व्यवसायी संघकोसमेत ध्यानाकर्षण गराएको छ ।

केही वर्षअघि सबैभन्दा बढी नेपाली श्रमिक लानेमा मलेसिया पहिलो नम्बरमा थियो । करिब एक वर्षयता श्रमिकहरूका लागि मलेसिया बन्दजस्तै छ । सन् २०२५ लागेयता आंशिकरूपमा श्रमिक लगिरहेको छ । गत माघमा नयाँ श्रम स्वीकृति लिएर ४१२ जना कामदारमात्र मलेसिया गएका थिए । यस्तो अवस्थामा सीमित व्यवसायीले आफूले मात्र श्रमिक पठाउन पाउनेगरी सेटिङ मिलाइरहेको हल्लाले व्यवसायीहरू आक्रान्त छन् । विभिन्न दलनिकट संस्थाहरूदेखि नेपाल वैदेशिक रोजगार व्यवसायी संघले पनि यस्ता सूचना प्राप्त भएको भन्दै विज्ञप्ति निकाल्दै आएको छ । व्यवसायीहरूबीच फैलिएको हल्लापछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलेसमेत विज्ञप्ति निकालेर कुनै किसिमको सिन्डिकेट लागू हुन नसक्ने जनाएको थियो ।


### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक ३१७ फागुन २८ गते २०८१ मा प्रकाशित Space HR Solutions Pvt.ltd को Lot No. 320188 को Sky Island Health Institute & Spa Company कम्पनीको विज्ञापनमा Spa (Massage Therapist) पदको पुरुष कामदारको संख्या २५ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

SPACE HR SOLUTIONS PVT.LTD
Sukhedhara 4, Kathmandu; Tel: 01-5925496, Whatsapp No.: 9841607558
E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com

### मोटरसाइकल हराएको सूचना

मिति २०८१।१०।२२ गते का.जि.का.म.न.पा वडा नं.१६ नयाँबजार स्थित गिताञ्जली चोक नजिकै गल्लीमा पार्किङ गरिराखेको कालो रङ्को 160 cc TVS कम्पनीको Apache मोटरसाइकल रातको अन्दाजी २३:०० बजे पछि हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

कम्पनीको नाम : जगदम्बा क्रेडिट एण्ड इन्भेष्टमेन्ट प्रा.लि.
ऋणीको नाम : मछिन्द्र धमला
बाइक नं.: प्र.३-०२-०१० प १०८६
च्यासिस नं.: MD63AE71K2h03398
इन्जिन नं. : AE7hK2703034
ठेगाना: धादिङ, निलकण्ठ-११, हाल काठमाडौं-१६, नयांबजार
सम्पर्क: ९८४०७९५०२७

### पेन्सन पट्टा हराएको सूचना

मिति २०८१/१०/२७ गते काठमाडौं जिल्ला, क्षेत्रपाटीबाट सामाखुशी जाँदा मेरो निम्न व्यहोरा भएको पेन्सन पट्टा हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नामः सुवर्ण लाल चित्रकार
व्य. नं. : १७९८
दर्जा: प्रमुख सेनानी
जन्म मिति : २०२४/०४/०८
पल्टन/युनिट: श्री नं.६, बाहिनी अड्डा
ठेगाना: बिदुर-४, नुवाकोट
भर्ना मिति: २०४५/०३/०७
सम्पर्क नं.: ९८५१२०३७८९

### बिमालेख हरायो

मिति २०८१/१०/१५ गते चावहिलदेखि शामाखुसीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको **बिमा लेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : सुरविर थापा
बिमा लेख नं.: २०६३९१
राष्ट्रिय बिमा संस्थान
ठेगाना : तनहुँसुर -१, तनहुँ
सम्पर्क नं : ९८५११२२२०२



### युएइ/साउदी/जापानमा रोजगार

कम्पनी : NOOR AL SAQAR TECHNICAL AND CLEANING SERVICES
शहर : UAE
सेवा शुल्क : नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/११/२३ | LT. No. 319993 | चलानी नं. ६०२३४३६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1200 | ४५,५७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Plasterer | 3 | 0 | 1200 | ४५,५७८ | | | | | | | |
| 3 | Scaffolder | 4 | 0 | 1200 | ४५,५७८ | | | | | | | |
| 4 | TILE LAYER | 2 | 0 | 1200 | ४५,५७८ | | | | | | | |

कम्पनी : Shop SASS MAADEN For blacksmithing | शहर : Saudi Arabia,Skaka | सेवा शुल्क : १०,०००

पूर्व स्वीकृति मिति : २०८१/११/१५ | पुन: विज्ञापन स्वीकृति मिति : २०८१/११/२८ | LT. No. 319528 | चलानी नं. ६०२३४३६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Welder | 1 | 0 | 1200 | ४४,६३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : KUMAMOTO HITODUKURI KYOUDOU KUMIAI | शहर : Shinmatsubara-cho, Uto City, Kumamoto Prefec

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | पुन: विज्ञापन स्वीकृति मिति : २०८१/११/२८ | LT. No. 318116 | चलानी नं. ६०२३४३६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food Manuacturing | 0 | 2 | 166400 | १,५६,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ७ गते (20th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AAKRITI RECRUITING PVT. LTD
Govt. License No. 917/067/068
Sinamangal-9, Kathmandu, Nepal, Contact: +977-4110811, 4110823
E-mail : kunchha@arplteam.com, kunchhanepal@gmail.com, Web: www.arplteam.com



### युएइमा रोजगार

कम्पनी : R R E TECHNICAL WORKS LLC

पूर्व स्वीकृति मिति : २०८१/११/२५ | LT. No. 320086 | चलानी नं. ६०२३४२४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASSISTANT TILE LAYER | 1 | 0 | 1200 | ४५,४११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | BRICK MASON / MASON | 1 | 0 | 1200 | ४५,४११ | | | | | | | |
| 3 | building painter assistant | 1 | 0 | 1200 | ४५,४११ | | | | | | | |
| 4 | Painter | 1 | 0 | 1200 | ४५,४११ | | | | | | | |
| 5 | Plumber | 2 | 0 | 1200 | ४५,४११ | | | | | | | |
| 6 | Reinforce Fitter Assistant | 1 | 0 | 1200 | ४५,४११ | | | | | | | |
| 7 | Scaffolder | 1 | 0 | 1200 | ४५,४११ | | | | | | | |
| 8 | TILE LAYER | 1 | 0 | 1200 | ४५,४११ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र ७ गते (20th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Al Asar International Pvt.Ltd.
Govt. License 1373/074/75
Panchakumari Marg -09,Kathmandu, Nepal, Phone no +97714594144, +9774594145, Mob No.: 9801305656 , 9801836652, 9801233962, Email - alasarintlpvtltd@gmail.com, manishbaral44@gmail.com,Web- alasarinternational.com.np



### साउदीमा रोजगार

कम्पनी : ESTABLISHMENT HASSIN BEN JABEUR BEN ALI AL NASEEB FOR CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/११/२७ | LT. No. 320154 | चलानी नं. ६०२३४३७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | NORMAL CABLE JOINTER | 1 | 0 | 1500 | ५५,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र ७ गते (20th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Al Noor Overseas Pvt. Ltd
श्रम इजाजत नं. १०८८/०७३/०७४
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com



### संस्थापक शेयर बिक्रि सम्बन्धि ७ दिने सूचना !

सूचना प्रकाशित मितिः २०८१/११/२९

नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त यस नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको १०० कित्ता संस्थापक शेयरहरू बिक्रिका लागि मिति २०८१/१०/२३ गते ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो अवधिमा कुनै विद्यमान संस्थापक शेयरधनीबाट शेयर खरिदका लागि आवेदन नपरेको हुँदा नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशनको अधिनमा रहि बाह्य खरिदकर्तालाई शेयर खरिदको लागि यो सूचना प्रकाशित गरिएको छ । इच्छुक बाह्य खरिदकर्ताले यो सूचना प्रकाशित भएको ७ दिनभित्र नियमानुसार खरिद गर्न नेपाल राष्ट्र बैंकले संस्थापक हुन तोकेको सम्पूर्ण प्रकृया पुरा भएको अनुसुची ३, नागरिकताको प्रतिलिपि, आयस्रोत खुल्ने कागजात, कर चुक्ताको प्रमाणपत्र, कर्जा सूचना केन्द्रबाट कालो सूचीमा नरहेको विवरण लगायतका कागजातहरु समेत संलग्न राखी शिलबन्दी गरी बैंकको केन्द्रिय कार्यालय, भरतपुर महानगरपालिका वडा नं.-१०, वाईपास रोड, चितवनमा आफूले खरिद गर्ने शेयर कित्ताको व्यहोरा खुलाई आवेदन बुझाउन हुन अनुरोध गरिन्छ ।

नारायणी डेभलपमेन्ट बैंक लि.
Narayani Development Bank Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"
Bharatpur-10, Chitwan, Nepal
Tel.: +977-56-590011/590012/590013
www.ndbl.com.np, info@ndbl.com.np


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

बिहीबार, २९ फागुन, २०८१

| | |
|---|---|
| मेष | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने । |
| वृष | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ । |
| मिथुन | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ । |
| कर्कट | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव । |
| सिंह | दिगो कामको जग बसाउन सकिने छ । |
| कन्या | साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने । |
| तुला | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने । |
| वृश्चिक | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ । |
| धनु | सुखद् समाचारले उत्साह जगाउन छ । |
| मकर | रमाइलो जमघटमा सहभागी बन्ने अजसर । |
| कुम्भ | व्यस्तताले शरीरमा कमजोरी पना आउने । |
| मीन | तत्काल फाइदाले परिस्थिति बिग्रने छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२९ फागुन, २०८१ (१३, मार्च २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३९.२५ | १३९.८५ |
| युरो | १ को | १५१.७२ | १५२.३७ |
| पाउन्ड स्टिर्लङ | १ को | १८०.०४ | १८०.८२ |
| स्विस फ्रेन्क | १ को | १५७.८४ | १५८.५२ |
| अस्ट्रेलियन डलर | १ को | ८७.४५ | ८७.८३ |
| क्यानाडियन डलर | १ को | ९६.६६ | ९७.०७ |
| सिङ्गापुर डलर | १ को | १०४.५१ | १०४.९६ |
| जापानी येन | १० को | ९.४३ | ९.४७ |
| चिनियाँ युआन | १ को | १९.२५ | १९.३३ |
| साउदी अरब रियाल | १ को | ३७.१३ | ३७.२९ |
| कतारी रियाल | १ को | ३८.२१ | ३८.३७ |
| थाई भाट | १ को | ४.१२ | ४.१४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.९१ | ३८.०८ |
| मलेसियन रिङेट | १ को | ३१.५५ | ३१.६९ |
| दक्षिण कोरियन वन | १०० को | ९.५८ | ९.६३ |
| स्विडिस क्रोनर | १ को | १३.८२ | १३.८८ |
| डेनिस क्रोनर | १ को | २०.३४ | २०.४३ |
| हङकङ डलर | १ को | १७.९२ | १८.०० |
| कुवेती दिनार | १ को | ४५१.९२ | ४५३.८७ |
| बहराइन दिनार | १ को | ३६९.३६ | ३७०.९५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

### सिंहदरबार ग्यालरी बैठक भवनको 'रेट्रोफिटिङ'

# भौतिक प्रगति बल्ल २० प्रतिशत

**काठमाडौं (प्रस)–** सिंहदरबारस्थित ग्यालरी बैठक भवनको 'रेट्रोफिटिङ'को भौतिक प्रगति २० प्रतिशत देखिएको छ । संघीय संसद्, राष्ट्रिय सभा, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले बुधबार आयोजना गरेको ग्यालरी बैठक भवन (पुरानो प्रतिनिधिसभा भवन) पुनर्निर्माणको प्रगतिको अवस्था विषयक छलफलमा सो जानकारी दिइएको हो ।

सहरी विकास तथा भवन निर्माण विभागअन्तर्गत विशेष भवन निर्माण आयोजना प्रमुख सुनिलकुमार ठाकुरले भवनको वित्तीय प्रगति पनि २० प्रतिशत भएको जानकारी दिए । 'अदालतमा मुद्दा पर्नु, ठक्का रद्द हुनुलगायतका चुनौतीका कारण तोकिएको समयमा नै काम सम्पन्न गर्न पनि चुनौती छ,' उनले भने, 'आयोजनाको काम तीव्र रूपमा अगाडि बढाउनका लागि हामीले चारवटा सिसी क्यामरासमेत जडान गरेका छौं ।' भवनको रेट्रोफिटिङ कार्यका लागि गत जेठ ६ गते प्रेरा निर्माण सेवा प्रालिसँग ठेक्का सम्झौता भएको थियो ।

२०८२ मंसिर ६ गते आयोजनाको काम सम्पन्न गर्नेगरी सम्झौता भएको हो । आयोजनाको लागत करिब ३९ करोड रूपैयाँ रहेको छ । सांसदहरूले आयोजनाको काम समयमा नै सम्पन्न गर्नेगरी अगाडि बढाउन निर्देशन दिएका थिए । समितिका सभापति मायाप्रसाद शर्मालगायतका सांसदहरूले भवनको अवलोकन गरेका थिए ।

# विदेसिएका सम्पदा फिर्ता आएकामा खुसी

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिका-२४ वडास्थित केशचन्द्र महाविहार, इतुंबहालका करिब ५५० वर्ष पुराना तीन थान चित्रकला (पौभाः) अमेरिकाबाट नेपाल फिर्ता ल्याइएको छ । नेवाः गुथि न्युयोर्कको पहलमा अमेरिका पुगेका तीन थान पौभाः र अन्य १७ थान मूर्ति आइतबार नेपाल ल्याइएको थियो ।

बुधबार यहाँ आयोजित पत्रकार सम्मेलनमा केशचन्द्र महाविहार संरक्षण समाजका अध्यक्ष प्रज्ञारत्न शाक्यले गुँला पर्वका बेला १५ दिनसम्म सार्वजनिक प्रदर्शनीमा राखिने ती पौभाःहरू २०३७ भदौ २९ गते महाविहार परिसरबाटै हराएको जानकारी दिए । सांस्कृतिक तथा धार्मिक महत्वका यी पौभाः अब इतुंबहालमै पुनःस्थापना गरिनुपर्ने र यसका लागि राज्यबाट आवश्यक सुरक्षा प्रबन्ध र अन्य पूर्वाधार बनाइदिनुपर्नेसंरक्षण समाजकोमाग रहेको पनि उनले बताए । काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले समुदायस्तरबाट पहल भई हराएका पुराना कलाकृति स्वदेश फर्काउन सकिएकामा खुसी व्यक्त गर्दै फिर्ता भएका ती सम्पदाको संरक्षणका लागि आफ्नोतर्फबाट सहयोग गर्ने वचन दिइन् ।

नेवाः गुथि, न्यूयोर्कका अध्यक्ष विजयमान सिंहले हराएका नेपाली कलाकृतिबारे सम्बन्धित ठाउँमै गएर बुझ्ने काम भएको र लामो समयसम्म विभिन्न निकायसँग संवाद र समन्वय गरी स्वदेश फर्काउन सकिएको भन्दै यस अभियानमा संलग्न सबैलाई धन्यवाद दिए । सोही अवसरमा संरक्षण समाजका तर्फबाट अध्यक्ष सिंहलाई सम्मानपत्र प्रदान गरिएको थियो । नेपालका तर्फबाट पत्राचार गरिएपछि अमेरिकाको एफबिआइले सुरुमा चासो राखेको भए पनि फिर्ता प्रक्रियाले गति नलिएपछि न्यूयोर्कको डिस्ट्रिक एटर्नीबाट प्रक्रिया अघि बढाउने काम भएको र यस अभियानलाई नेवाः गुथि, न्युयोर्क, लस्ट आर्ट अफ नेपाल र नेपाल हेरिटेज रिकभरी क्याम्पेनजस्ता संस्थालेसमेत सघाएका थिए । अमेरिकाबाट नेपाल फर्काइएका ती पौभाःमा 'चिन्तामणि लोकेश्वर', 'केशचन्द्र आजुको भैरव दर्शन' र 'गगनसिं तथा उनका दुई श्रीमती' चित्रित छन् ।

# ललितपुर महानगर र रसियाको उलान उदे सहरबीच भगिनीसम्बन्ध कायम

**ललितपुर (प्रस)–** ललितपुर महानगरपालिका र रसियाको उलान उदे सहरबीच भगिनीसम्बन्ध कायम भएको छ । रसियाको उलान उदे सहरमा आयोजित एक कार्यक्रममा ललितपुर महानगरका प्रमुख चिरीबाबु महर्जन र उलान उदे सहरका मेयर इगोर शुतेन्कोवले भगिनी सम्बन्धसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गरे ।



प्रमुख महर्जनले भगिनीसम्बन्ध कायमसँगै दुवै देशका नागरिकबीचको सम्बन्धलाई प्रगाढ बनाउने दाबी गरे । 'उलान उदे रसियाको पुरानो सहर हो । विकासशील यो सहरको विशेषता ललितपुर महानगरसँग मिल्दाजुल्दा छन्, दुई सहरबीचको यो सम्बन्धले धेरै कुराको सम्भावना खोलेको छ, एकअर्काको आवश्यकता र समझदारीअनुसार नागरि कस्तरमा सम्बन्ध कायम हुनेछ, उनीहरूको असल अभ्यास हामी लिन्छौं, हाम्रो असल अभ्यास उहाँहरूले लिनुहुने छ,' उनले भने ।

प्रमुख महर्जनले ललितपुर महानगर कला, संस्कृति र सम्पदाको सहर भएको बताए । उनले उलान उदे सहरमा ललितपुरको संस्कृति र सम्पदा झल्काउने काम गर्न इच्छुक भएको उल्लेख गरे । उनले दुई देशका सहरबीचको आपसीसम्बन्ध र भेटघाटलाई बाक्लो बनाउने बताउँदै संयुक्तरूपमा परियोजना सञ्चालन गर्ने जानकारी दिए ।

बुद्धको देश नेपालबाट रसियाका जनतालाई सन्देश लिएर आएको बताउँदै प्रमुख महर्जनले बुर्यातिया प्रमुख र उलान उदे सहरका प्रमुखलाई नेपाल आउन निम्तो दिए । रिपब्लिक अफ बुर्यातिया रसियाका प्रमुख अलेक्सेई स्देनोभले नेपाल र रिपब्लिक अफ बुर्यातियाबीच धेरै विषय एक अर्कासँग मिल्दाजुल्दा भएको बताए ।

उलान उदे सहरका मेयर इगोर शुतेन्कोवले यो भगिनीसम्बन्धले नेपाल र रूसबीचको सम्बन्धमा नयाँ आयाम थपेको बताए । उनले दुई देशको विकासका लागि के गर्न सकिन्छ यस सम्बन्धमा थप गृहकार्य गरी अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे । समझदारीपत्रमा सडक निर्माण तथा स्तरोन्नति, महानगरको सार्वजनिक सवारी साधान व्यवस्थित, पर्यटन, शिक्षा र स्वास्थ्य, ऐतिहासिक सम्पदा संरक्षण, ग्यालरी र म्युजियम स्थापनाका, सूचना प्रविधिको क्षेत्रमा अध्ययन, अनुसन्धान विषयमा सहकार्य गर्ने उल्लेख छ ।

### लहानमा दुई अर्ब लागतमा सुविधासम्पन्न अस्पताल बनाइने

**सिरहा (प्रस)–** लहान नगरपालिका-४ मा ५०० शयचाको मुटु र मधुमेह रोगको सुविधासम्पन्न अस्पताल बन्ने भएको छ । नेपाल हृदय रोग निवारण संघद्वारा जर्मनीको 'नेपाल मेड जर्मनी' र 'रोटरी क्लब कटुस' नामक दुई अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको दुई अर्ब रूपैयाँ आर्थिक सहयोगमा निर्माण प्रक्रिया सुरु गरिएको अस्पतालका 'कन्सल्टेन्ट फिजीसियन' डा. सञ्जयप्रसाद साहले जानकारी दिए ।

डा. साहका अनुसार लहान नगरपालिकाले उपलब्ध गराएको ११ बिघा जग्गामा अस्पताल बन्ने छ भने यसको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भइसकेको छ । 'आगामी पाँच वर्षभित्र अस्पताल निर्माण गरिसक्ने लक्ष्य छ,' उनले भने । नगरपालिकाले उपलब्ध गराएको सार्वजनिक जग्गामा तत्काललाई दुईवटा भवन निर्माण गरी गत माघ ४ गतेबाट ओपिडी सेवा सञ्चालन गरिसकिएको छ, जसको सोमबार औपचारिक उद्घाटन भइसकेको छ ।


**CYPRUS मा रोजगार** — कम्पनी : THEO EMPLOYMENT & TRAVEL LTD

पूर्व स्वीकृति मिति : २०८०/०८/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/२८ | LT. No. 295159 | चलानी नं. ६०२१०४३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब EUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 0 | 2 | 425 | ६४,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | COOK A | 2 | 0 | 1262 | १०२,००० | | | | | | | |
| 3 | COOK B | 2 | 0 | 1018 | १५४,८७० | | | | | | | |
| 4 | DOMESTIC WORKER | 1 | 13 | 314 | ४७,७७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र ७ गते (20th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GURUNG MAGAR SERVICES PVT. LTD.**
Basundhara-5, KTM. Nepal, Tel: +977-15903411, +977-15903412 , 9851002414 , 9849886526, 9841896927, 9851003258, 9849832175, Email: gmservicesnepal@gmail.com, Website : www.gurungmagarservices.com
Govt. Lic. No. 851/066/067

**युएइमा रोजगार** — कम्पनी : Lion Force Security Guard Services LLC

पूर्व स्वीकृति मिति : २०८१/०२/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/२८ | LT. No. 304766 | चलानी नं. ६०२१९५२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 22 | 3 | 1200 | ४५,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र ७ गते (20th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**ROSEBUD HUMAN RESOURCE PVT. LTD**
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366, E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com
श्रम इजाजत नं. १६६५/०८०/८१

**मलेसियामा रोजगार** — कम्पनी : Nashkawi Security Services Sdn.Bhd.

पूर्व स्वीकृति मिति : २०८१/११/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/२८ | LT. No. 293114 | चलानी नं. ६०२०८५३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 50 | 0 | 1500 | ४७,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र १०/११/१२ गते (23/23/24th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Sandiya Human Resources Pvt. Ltd.**
Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9808273578, 9851155563
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com
श्रम इजाजत नं. १०९७/०७३/०७४

**कतारमा रोजगार** — कम्पनी : Vera Cleaning & Maintenance

पूर्व स्वीकृति मिति : २०८१/०१/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/२८ | LT. No. 304039 | चलानी नं. ६०२१८९२९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 8 | 3 | 1000 | ३८,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 5 | 0 | 1000 | ३८,२८० | | | | | | | |
| 3 | Labor Services | 5 | 0 | 1000 | ३८,२८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र ७ गते (20th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**VARSHA MANPOWER PVT. LTD.**
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944
श्रम इजाजत नं. ९५४/०६७/६८

**साउदीमा रोजगार** — कम्पनी : MAHARAH HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०८१/११/२८ | LT. No. 320276 | चलानी नं. ६०२३४४०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION LABOURS | 90 | 0 | 1000 | ३७,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र ७ गते (20th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**All Asia Overseas Pvt.Ltd**
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५

**साउदीमा रोजगार** — कम्पनी : NATIONAL PLASTIC INDUSTRY COMPANY

पूर्व स्वीकृति मिति : २०८१/११/२७ | LT. No. 320181 | चलानी नं. ६०२३४३४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading and Unloading Worker | 2 | 0 | 1000 | ३७,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ७ गते (20th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Prince International Employment Service Pvt. Ltd.**
श्रम इजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com

**कतारमा रोजगार** — कम्पनी : AL ATHAR FOR TRADING & CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/११/२७ | LT. No. 320240 | चलानी नं. ६०२३४३८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | administrative supervisor | 2 | 0 | 2500 | ९५,९६५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Worker | 5 | 0 | 1000 | ३८,२८० | | | | | | | |
| 3 | Driver | 0 | 2 | 1700 | ६५,०७५ | | | | | | | |
| 4 | Heavy Vehicle Driver | 1 | 0 | 1900 | ७२,७३० | | | | | | | |
| 5 | Mason. | 3 | 0 | 1200 | ४५,९३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र ७ गते (20th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**CHANDRA KAMANA MANPOWER PVT.LTD.** (A.D. CAREERS PVT.LTD.)
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 813013135/ 9851083561/9802358807/9802358802
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com
Govt. License No. 1405/074/75


## बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बेलबारी, मोरङ**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८१।११।२९** (13th March, 2025)

यस बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८१।१०।२० गते राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना मार्फत आह्वान गरिएको तपसिलको ठेक्कामा दाखिला भएका बोलपत्रहरु मध्ये सबैभन्दा न्यूनतम बोलअंक कबोल गर्ने र सारभूत रुपमा प्रभावग्राही देखिन आएको तपसिल बमोजिमको बोलपत्र स्वीकृतका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्रमा भाग लिने सम्पूर्ण बोलपत्रदाताहरुलाई स्वीकृतिको आशयको सूचना जानकारीका लागि प्रकाशित गरिएको छ ।

**तपसिल:**

| क्र.स. | ठेक्का न. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मुल्य अभिबृद्धि कर र पि.एस. बाहेक) |
|---|---|---|---|---|
| १. | BM/MOR/W/NCB-14-2081-82 | Janaudhha Sangralaya Nirman | श्री भूमिराधा विल्डर्स प्रा.लि.मोरङ | रू. ५१,८९,१९१.३० (अक्षरेपी एकाउन्न लाख उनान्नब्बे हजार एक सय एकानब्बे रुपैया तीस पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

## कनकाई नगरपालिका
## कनकाई नगर हस्पिटल
**कनकाई नगरपालिका-३, झापा**
**कोशी प्रदेश, नेपाल**

### दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धमा

सूचना प्रकाशन भएको मिति २०८१/११/२९

यस कार्यालयबाट २०८१।१०।२७ गते (तदनुसार 09 February, 2025) को प्रभाव राष्ट्रिय दैनिक-मा नगर हस्पिटलको ल्याब तथा अन्य सामाग्री खरिदका लागि विधुतिय दरभाउपत्र आह्वान भए अनुसार प्राप्त दरभाउपत्रहरु मध्ये तपशिलमा उल्लेखित दरभाउपत्रहरु न्यून मूल्यांकित भई सारभुत रुपमा प्रभावग्राही देखिएकाले स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| सि न | कामको विवरण | छनौट भएको दरभाउपत्रदाताको नाम ठेगाना | ल्याब तथा अन्य सामग्रीहरुको संख्या | कुल कबोल रकम (भ्याट सहित) |
|---|---|---|---|---|
| १ | Procurement of lab chemical and Reagents & related Items for Hospital supply. KANKAI/SQ/GOODS/5/2081-82 | श्री एसियन ट्रेडर्स, विराटनगर, मोरङ् नेपाल | ७ | रू. ८,५८,३७६.३<br>अक्षरेपी आठ लाख अन्ठाउन्न हजार तिन सय छयहत्तर रुपैया पैसा तिस मात्र।- |
| २ | | श्री इन्दु सर्जिकल एण्ड कमिकल सप्लायर्स, दमक, झापा, नेपाल | १५ | रू. ४,५२,५७६.३<br>अक्षरेपी चार लाख बाउन्न हजार पाँच सय छयतर रुपैंया पैसा तिस मात्र।- |
| जम्मा<br>अक्षरेपी तेह्र लाख दश हजार नौ सय बाउन्न रुपैया पैसा साठी मात्र।- | | | २२ | रू.१३,१०,९५२.६ |

**बोधार्थ**

सम्पुर्णProcurementoflabchemicalandReagents&relatedItemsforHospitalsupplyKANKAI/SQ/GOODS/5/2081-82 सँग सम्बन्धित दरभाउपत्र दाताहरु

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# शिक्षाबारे प्रधानमन्त्री ओलीको अस्वाभाविक अभिव्यक्ति

हुन त अहिले शिक्षा मन्त्रालय प्रधानमन्त्री केपी शर्मा ओली आफैंले चलाइरहेका छन् भन्दा फरक पर्दैन । विद्या भट्टराई नाममात्रको मन्त्री हुन् भनेर बुझ्न प्रधानमन्त्रीका पछिल्ला केही गतिविधि र मन्तव्य हेरे पुग्छ । एक– विभिन्न विषयको छात्रवृत्तिमा आवेदन नपरेको भन्दै आफ्नै फेसबुक पेजबाट प्रचार, अर्को– त्रिभुवन विश्वविद्यालयमा पदाधिकारी नियुक्तिमा प्रत्यक्ष हस्तक्षेप र सरकारी विद्यालयमाथि निरन्तर प्रश्न । शिक्षक आन्दोलनलाई लक्षित गर्दै दुई हप्ताअघि प्रधानमन्त्री ओलीले एसइईमा ५२ प्रतिशत फेल गराउने शिक्षकलाई तलब बढाउन नसकिने तर्क गरेका थिए । अहिले यही अभिव्यक्तिका कारण शिक्षकले सडक तताउने तयारी गरेका छन् । यो विषय सेलाउन नपाउँदै ओलीले आगोमा घिउ थप्ने काम गरेका छन्, निजी विद्यालयको गुनगान गाएर ।

मंगलबार प्रधानमन्त्री ओलीले निजी विद्यालय नभए ४८ प्रतिशत उत्तीर्ण पनि नहुने दाबी गरे । यतिमात्र हैन ओलीले सरकारी शिक्षकलाई स्तरहीन भन्दै जसले पढाए पनि हुने मन्तव्य दिए । निजी विद्यालयलाई गुठीमा लैजान नमिल्ने जिकिर गरे । हुन त चरम राजनीति गर्ने ओलीलाई शिक्षा क्षेत्रको बेथिति थाहा नहुने कुरै भएन । ३० हजार रूपैयाँ मासिक तलब पाउने शिक्षक बन्न ३० लाख रूपैयाँसम्म घूस खाने राजनीति गरेर हुर्केकाले पनि शिक्षकप्रति ओलीको यो हेपाहा प्रवृत्ति प्रस्फुटित भएको हुनुपर्छ ।

अर्को कुरा सरकारी विद्यालयमा पढेकाहरू फेल हुनुलाई असफलता मान्ने हो भने पटक–पटक सरकारमा जाने ओली आफैंले यसको जिम्मेवारी लिनुपर्छ । शिक्षा संविधानले सुनिश्चित गरेको जनताको मौलिक हक हो । सरकारले यसका लागि कुनै कसर बाँकी राख्न हुन्न । तर विद्यालयलाई राजनीतिक थलो बनाउने राजनीतिक दलहरू नै हुन् । ओली अध्यक्ष रहेको दल नेकपा एमालेदेखि नेपाली कांग्रेसको विद्यार्थी संगठन, शिक्षक संगठनले विद्यालय गाँजेका छन् ।

अर्को विषय भयो समयमै पाठ्यक्रम नपुऱ्याउने, शिक्षक दरबन्दी कहिल्यै पूरा नगर्ने, भौतिक संरचनामा पनि उतिकै हेलाहोचो गर्नेजस्ता समस्या सरकारी विद्यालयमा छन् । यसरी आफू केही नगर्ने अनि निजी विद्यालय पोसाउने गरी देशकै प्रधानमन्त्रीले अभिव्यक्ति दिनु लाजमर्दो विषय हो । अझ अहिले आइपुग्दा सरकारी पाठ्यक्रम निकै पुरानो ढाँचाको भइसकेको छ । समयसापेक्ष पाठ्यक्रम बनाउन अनुसन्धान र लगानी नगर्ने अनि फेल र पासको पुरानो थर्मोमिटरले शिक्षा क्षेत्रमाथि टिप्पणी गर्नु अत्यन्तै खेद्पूर्ण विषय हो । यसबारे प्रधानमन्त्री ओलीले तुरुन्तै माफी मागेर सरकारी शिक्षा प्रणालीमा बृहत्तर परिवर्तन गर्न अनुसन्धान अघि बढाइयोस् ।

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

### के-के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

### योगदान रकम कसरी जम्मा गर्ने ?

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# के तपाईंमा त मानसिक रोगको समस्या छैन ?



डा. निराकारमान श्रेष्ठ

हाम्रो परिवारका सदस्य वा छिमेकका मानिसहरू बाहिरबाट हेर्दा स्वस्थ्य देखिए पनि वास्तवमा स्वस्थ नहुन सक्छन् अर्थात् मानसिक रोगबाट प्रभावित भएका हुनसक्छन् । शारीरिक रोगका बिरामीले आफ्नो रोगका बारेमा अरुलाई बताउने गरे पनि मानसिक रोगका बिरामीले सकभर सार्वजनिक गर्न चाहँदैनन् । मानौं उनीहरू बिरामी नै होइनन्झैं गरी लुकाउने र परिवारका सदस्यले पनि ढाकछोप गराउन खोज्छन् । जतिबेला अन्य मानिसले थाहा पाउँछन्, त्यतिबेला बिरामीको अवस्था निकै जटिल भइसकेको हुन्छ ।

साधारण जनसंख्याको कम्तीमा पनि दुई प्रतिशत मानिसलाई कडा मानसिक रोग लागेको पाइन्छ । न्युरोसिस पनि धेरै प्रकारको हुन्छ । साधारण जनसंख्याको कम्तीमा १० देखि १५ प्रतिशत मानिसलाई कुनै न कुनै न्युरोसिस रोग लागेको पाइन्छ । त्यस्तै सुस्तमनस्थिति साधारण जनसंख्याको करिब तीन प्रतिशतलाई भएको पाइन्छ । मदिरा तथा लागुऔषधको दुर्व्यसन पनि करिब तीनदेखि पाँच प्रतिशत मानिसमा देखिन्छ । पर्सनालिटी डिसअर्डर पनि करिब एक प्रतिशत मानिसमा देखिन्छ । करिब २५ देखि ३५ प्रतिशत मानिस कुनै न कुनै मानसिक रोगबाट पीडित हुन्छन् यस अर्थमा मानसिक रोग शारीरिक रोगजस्तै धेरै संख्यामा हुँदैन भन्ने धारणा सरासर गलत हो ।

सामान्यतया स्वास्थ्य भन्नासाथ शारीरिक स्वास्थ्यलाई बुझिन्छ । शारीरिक, मानसिक र सामाजिक तीनै पक्षको संयोजन भएमात्रै मानिसलाई स्वस्थ्य मान्न सकिन्छ । विश्व स्वास्थ्य संगठनले पनि स्वास्थ्य भन्नाले केवल रोग नहुँदैमा या अशक्त नहुँदैमा स्वस्थ भन्न मिल्दैन, शारीरिक, मानसिक र सामाजिक हिसाबले पूर्णरूपमा स्वस्थ रहेको अवस्था भनी परिभाषित गरेको छ । तर व्यवहारमा शारीरिक पक्षलाई मात्र विशेष जोड दिइएको पाइन्छ ।

शारीरिक रोग भन्नाले शरीरको रोग (जस्तैः क्षयरोग, औलो ज्वरो, कालाजार, चिनीको रोग, कुष्ठरोग, क्यान्सर आदि)लाई जनाउँछ । मानसिक रोगअन्तर्गत विभिन्न प्रकारका एञ्जाइटी डिसअर्डर, डिप्रेसन, वाइपोलार डिसअर्डर, माइग्रेन, छारेरोग, मादकपदार्थ तथा लागुऔषध दुर्व्यसन, सिजोफ्रेनिया, सुस्त मनस्थिति, पर्सनालिटी डिसअर्डर आदि पर्दछन् । सर्वसाधारण मानिसहरूमा मानसिक रोग भन्नासाथ पागलपन अथवा मानसिक असन्तुलन भएको वा बहुलाएका व्यक्तिको चित्रणमात्र मनमा आउने गरेको पाइन्छ र मानसिक रोग लागेको भन्नासाथ मानसिकरूपले असन्तुलन भएको व्यक्ति भन्ने धारणा भएको पाइन्छ । यो धारणा सरासर गलत हो किनभने हामीले नछानिकन १०० जना मानसिक रोगीहरू लियौं भने तिनीहरूमध्ये करिब पाँच जनामात्र पागल अथवा मानसिकरूपले असन्तुलन भएको पाउँछौं भने करिब ९५ जना अरू सर्वसाधारण मानिसजस्तै देखिन्छन् ।

नेपालमा मानसिक स्वास्थ्य समस्या एक गम्भीर र बढ्दो चिन्ताको विषय हो । पछिल्ला वर्षहरूमा मानसिक रोगबारे चेतना बढ्दै गए पनि अझै समाजमा यो विषयलाई खुलारूपमा छलफल गर्न हिचकिचाहट देखिन्छ । मानसिक रोगलाई लाज वा कमजोरीका रूपमा हेर्ने प्रवृत्तिले समस्या लुकाउने र उपचार नगर्ने प्रवृत्ति बढाएको छ । गरिबी, बेरोजगारी र वित्तीय अस्थिरताले पनि धेरैलाई डिप्रेसन र तनावको सिकार बनाएको छ । नेपालमा मदिरा र लागुऔषधको सेवन गर्ने व्यक्तिहरूको संख्या बढ्दै गएकाले मानसिक स्वास्थ्यमा नकारात्मक असर परेको देखिन्छ । विवाह, पढाइ, जागिर र सामाजिक मान्यताका कारण कतिपय मानिसहरू ठूलो मानसिक दबाबमा रहेका छन् ।

शारीरिक स्वास्थ्य तथा शारीरिक रोगको उपचारमा विज्ञानले ठूलो फड्को मारेको छ र जनमानसमा शारीरिक स्वास्थ्यप्रति ठूलो सचेतना तथा जानकारी आएता पनि मानसिक स्वास्थ्य तथा मानसिक रोगप्रतिको गलत धारणा, भ्रम, अन्धविश्वास आदि अझ पनि समाजमा व्यापकरूपमा भएको पाइन्छ । मानसिकरूपले स्वस्थ हुनका लागि व्यक्तिमा समय तथा वातावरणअनुसार अगाडि बढ्नसक्ने क्षमता, भावनात्मक द्वन्द्वबाट ज्यादै विचलित नहुने गुण, अर्थपूर्णरूपले जीवनयापन गर्नसक्ने क्षमता भएको, आफूमा विद्यमान सामर्थ्यको प्रयोग गरी उत्पादनशील तथा फलदायी काम गर्नसक्ने भएको, अरू व्यक्तिसँग अर्थपूर्ण सम्बन्ध जोडी सो सम्बन्धलाई निरन्तरता दिनसक्ने क्षमता भएको र कुनै प्रकारका मानसिक रोगका खास लक्षण नभएको अवस्था हुनुपर्छ ।

मानसिक रोग र मानसिक रोगीहरूप्रति संसारका हरेक देशमा केही न केही गलत धारणाहरू पाइन्छ । हाम्रो देशमा पनि मानसिक रोग सम्बन्धमा धेरै अन्धविश्वास तथा गलत धारणाहरू समाजमा व्याप्त छन् । मानसिक रोग विकसित राष्ट्रहरू र विकासोन्मुख राष्ट्रहरूमा बराबर पाइन्छ र सहरी क्षेत्रमा र ग्रामीण क्षेत्रमा पनि यो बराबर हिसाबले देखिएको छ । तर सामाजिक पृष्ठभूमि अलग-अलग भएको कारणले गर्दा रोगको लक्षणहरू अथवा बिरामीको समस्या भने फरक-फरक हुन सक्दछ ।

दिन प्रतिदिन मानसिक रोगीको संख्या बढ्दै जाँदा तिनको उपचारमा भने राज्यको ध्यान पुग्न सकेको छैन । तीन करोडभन्दा ज्यादा जनसंख्याका लागि हाल नेपालमा सवा २०० जतिमात्र मानसिक रोग विशेषज्ञ छन् । मानसिक रोग विशेषज्ञ र जनसंख्याका हिसाबले हालको अनुपात एकदम कम छ । विश्व स्वास्थ्य संगठनको सिफारिसअनुसार १० हजार जनसंख्याका लागि एक जना मानसिक रोग विशेषज्ञ हुनुपर्नेमा हाल नेपालमा १० लाख ३३ हजार जनसंख्याका लागि एक जनामात्र मानसिक रोग विशेषज्ञ पर्दछ । अर्थात् मानसिक रोग विशेषज्ञको र जनसंख्याको अनुपात १:३३,००,००० मात्र छ । त्यसैले मानसिक रोग विशेषज्ञ र अरु मानसिक स्वास्थ्य कार्यकर्ताको एकदमै कमी भएकाले मानसिक रोगको उपचारमा ठूलो समस्या देखिएको छ ।

जनशक्तिको अभावसँगै पर्याप्त बजेट नहुँदा पनि उपचारमा कठिनाइ हुने गरेको छ । विश्व स्वास्थ्य सगठनकाअनुसार हरेक राष्ट्रले आफ्नो कूल राष्ट्रिय बजेटको कमसे कम १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रका लागि छुट्याउनुपर्नेमा नेपालले करिब पाँच प्रतिशतमात्र छुट्याउने गरेको पाइन्छ । स्वास्थ्य क्षेत्रमा प्राप्त कूल रकममध्ये केवल ०.२ प्रतिशतमात्र मानसिक स्वास्थ्यलाई छुट्याउने गरेको पाइन्छ । यसरी बजेटको कमीले गर्दा पनि मानसिक रोगको उपचारमा प्रत्यक्ष तथा अप्रत्यक्ष समस्या परेको देखिन्छ ।

> धेरैजसो मानसिक रोगहरु उपचारपछि ठीक हुन्छ र निको हुन्छ । थोरै प्रतिशत भने निको नहुन सक्दछ र जीवनभर नै औषधि उपचार गरिरहनुपर्ने हुन्छ । तर यिनीहरुमा पनि औषधिले रोगलाई नियन्त्रण गर्न सकिन्छ सबै मानसिक रोगहरुको उपचार हुन्छ र धेरै मानसिक रोगहरु ठीक पनि हुन्छन् । कुनै-कुनै शारीरिक रोग पूर्णतया ठीक नहुने र जिन्दगीभर औषधि खानुपर्ने भएजस्तै कुनै-कुनै मानसिक रोग पनि त्यस प्रकारका हुन्छ ।

### मानसिक रोगका लक्षणहरू कस्ता-कस्ता हुन्छन् ?

शारीरिक रोगका लक्षणहरू शारीरिक भएजस्तै मानसिक रोगका लक्षणहरू पनि प्रायः मानसिक प्रकृतिका हुन्छन् । जस्तैः मनोदशा गडबडी, विचारको गडबडी, व्यवहारमा गडबडी, निद्रामा गडबडी, ज्ञानेन्द्रीय अंगहरूको अनुभूतिमा गडबडी, सम्झना शक्तिमा गडबडी, अन्तर्दृष्टिमा गडबडी, बुद्धि क्षमतामा गडबडी, एकाग्रतामा गडबडी, कुराकानीमा गडबडी, एकापसको अन्तर्क्रियामा गडबडी, सौखमा गडबडी आदिजस्ता लक्षणहरू मानसिक रोगहरूमा देखा पर्दछन् । सबै प्रकारका शारीरिक लक्षणहरू एउटै शारीरिक रोगमा नदेखेजस्तै सबै प्रकारका मानसिक लक्षणहरू एउटै मानसिक रोगमा देखिँदैनन् ।

कुनै मानसिक रोगमा एक प्रकारका लक्षणहरू देखिन्छन् भने अर्को मानसिक रोगमा अरू प्रकारका मानसिक लक्षणहरू देखिन्छन् । यी लक्षणहरूका आधारमा मानसिक रोग कुन प्रकारको हो भन्ने निदान गरिन्छ र सोहीअनुसार मानसिक रोगीको उपचार गरिन्छ । निद्रा नलाग्ने, विनाकारण शंका गर्ने, विनाकारण डराउने, उदास हुने, ज्यादा उत्तेजित हुने, असामान्य कुरा गर्ने, असामान्य व्यवहार देखाउने आदि जस्ता मानसिक लक्षणबाहेक टाउको दुख्ने, जीउ दुख्ने, मुटु चाँडोचाँडो धड्कने, छिटोछिटो पिसाब लाग्ने, बोली नआउने, शरीरको कुनै भाग नचल्ने, देख्न नसक्ने, सास फेर्न गाह्रो हुने आदि जस्ता शारीरिक लक्षण पनि मानसिक रोगमा देखापर्न सक्दछन् ।

### मानसिक रोगका कारणहरू के हुन सक्छन् ?

मानसिक रोगको कारण यही नै हो भन्न र किट्न नसकेता पनि वंशानुगत कारण, मनोवैज्ञानिक कारण, सामाजिक कारण, शारीरिक रोगका कारण, टाउकोको घाउ चोटपटकको कारण, संक्रमण रोगका कारण, दिमागमा परजीवीको कारण, शारीरिक रोगका लागि सेवन गरिने कुनै-कुनै औषधिका कारण, मस्तिष्कमा हुने एक प्रकारका न्युरट्रान्समिटर भन्ने रासायनिक पदार्थहरूको गडबडीको कारण, मादक तथा लागुऔषधको अत्यधिक सेवनको कारण, व्यक्तित्वको कारण आदिलाई मानसिक रोगका कारणहरूमा लिन सकिन्छ । तर के छ भने धेरैजसो मानसिक रोगका कारणमा यिनीहरूमध्ये एउटाभन्दा धेरै कारणहरूको भूमिका भएको पाइन्छ । कुनै व्यक्तिमा एउटा कारणको प्राधान्यता हुन्छ भने अर्को व्यक्तिमा अर्कै कारणको प्राधान्यता भएको पाइन्छ । अत्यधिक मादकपदार्थ सेवन गर्नु तथा मादकपदार्थको कुलतमा फस्नु एक प्रकारको मानसिक रोग वा मानसिक विकृति हो ।

### के मानसिक रोगको उपचार सम्भव छ ?

धेरैजसो मानसिक रोगहरू उपचारपछि ठीक हुन्छ र निको हुन्छ । थोरै प्रतिशत भने निको नहुन सक्दछ र जीवनभर नै औषधि उपचार गरिरहनुपर्ने हुन्छ । तर यिनीहरूमा पनि औषधिले रोगलाई नियन्त्रण गर्न सकिन्छ सबै मानसिक रोगहरूको उपचार हुन्छ र धेरै मानसिक रोगहरू ठीक पनि हुन्छन् । कुनै-कुनै शारीरिक रोग पूर्णतया ठीक नहुने र जिन्दगीभर औषधि खानुपर्ने भएजस्तै कुनै-कुनै मानसिक रोग पनि त्यस प्रकारका हुन्छ ।

मानसिक रोगका उपचारमा औषधि दिने, बिजुलीको माध्यमबाट उपचार गर्ने, न्युरोमोडुलेसन उपचार, काउन्सेलिङ, साइकोथेरापी, फेमिली थेरापी, ग्रुप थेरापी, सोसल इन्टरभेन्सन, भोकेसनल थेरापी, रिहाबिलिटेसन आदि जस्ता विधिहरू अपनाइन्छन् । मानसिक रोगको उपचार बिरामी, उसको परिवार तथा सामाजिक परिप्रेक्ष्यलाई ध्यानमा राखेर गर्नुपर्ने हुन्छ । मानसिक रोगको उपचार एकपटक गरेपछि छोड्न नहुने र सधैंभरि गरिरहनुपर्ने हुन्छ भन्ने भ्रम पनि मानिसहरूमा रहेको छ । यो गलत कुरा हो । धेरैजसो मानसिक रोगहरूमा केही महिना औषधि खाएर छोड्न सकिन्छ भने कुनै-कुनै मानसिक रोग औषधि उपचारविना पनि ठीक हुन्छ । कुनै-कुनै मानसिक रोगमा जीवनभर नै औषधि खानुपर्ने हुन्छ ।

नेपालमा धेरै मानिसहरू, विशेषगरी युवाहरू, डिप्रेसनको सिकार भइरहेका छन् । कामको चाप, पारिवारिक तनाव र भविष्यको अन्योलका कारण धेरैलाई एञ्जाइटी डिसअर्डरको समस्या देखिन्छ । भूकम्प, द्वन्द्व, हिंसा वा अन्य ट्रमाटिक घटनाहरूबाट गुज्रेका व्यक्तिहरूमा पोस्ट-ट्रमोटिक स्ट्रेस डिसअर्डर भएको पाइन्छ । कतिपयमा बाइपोलार डिसअर्डर, स्किजोफ्रेनिया जस्ता गम्भीर मानसिक रोगहरू पनि देखापर्ने गरेका छन् । नेपालमा मानसिक रोगको समस्या ठूलो छ, तर यसबारे खुलेर कुरा गर्न र उचित उपचार खोज्न अझै पनि धेरै चुनौतीहरू छन् । मानसिक स्वास्थ्यलाई प्राथमिकता दिनु आवश्यक छ, ताकि सबै नागरिकहरू स्वस्थ जीवन बिताउन सकून् । यदि तपाईंलाई वा तपाईंको नजिक कसैलाई मानसिक स्वास्थ्यसम्बन्धी समस्या छ भने चिकित्सक वा परामर्शदातासँग सम्पर्क गर्नु सबैभन्दा राम्रो उपाय हो ।

*(स्वास्थ्य मन्त्रालयका पूर्वसचिव तथा वरिष्ठ मानसिक रोग विशेषज्ञ डा. श्रेष्ठसँग राससले गरेको कुराकानीम आधारित)*

# होली : रङ, उल्लास र सामुदायिक एकताको पर्व



विविशा पौडेल

नेपालका प्रमुख चाडहरूमध्ये होली विशेष महत्त्वपूर्ण पर्व हो । वसन्त ऋतुको आगमनसँगै आउने यो चाड प्रेम, मित्रता, आपसी सद्भाव र सामाजिक एकताको प्रतीक मानिन्छ । हिन्दू धर्मअनुसार होलीलाई सत्यको विजय, असत्यमाथि धर्मको जित तथा नयाँ सुरुआतको संकेतको रूपमा लिइन्छ । नेपालमा होली दुई दिन मनाइन्छ, जसअनुसार आज काठमाडौं उपत्यकासहित पहाडी भेगमा होली मनाइँदै छ । तराई क्षेत्रमा भने भोलि मनाउने गरिन्छ ।

होली पर्वको ऐतिहासिक र धार्मिक महत्त्व अत्यन्तै रोचक छ । यस पर्वको उत्पत्ति हिन्दू धर्मग्रन्थहरूसँग गहिरो सम्बन्ध राख्छ । पौराणिक कथानुसार होली असत्यमाथि सत्यको विजय तथा धार्मिक आस्थाको प्रतीक हो । भक्त प्रह्लाद र होलिका दहनको कथा यसको प्रमुख आधार हो । कथाअनुसार हिरण्यकश्यपु नामक दैत्यराज विष्णुभक्त आफ्नै छोरा प्रह्लादको भक्ति सहन नसकेर उनलाई मार्ने अनेकौं उपाय अपनाएको पाइन्छ । यसरी जब उनले प्रह्लादलाई जलाएर मार्ने योजना बनाए, उनले आफ्नी बहिनी होलिकाको सहयोग लिए । होलिकासँग आगोले हानि नगर्ने वरदान थियो, जसका कारण उनी प्रह्लादलाई काखमा लिएर आगोमा बसिन् तर भगवान् विष्णुको कृपाले प्रह्लादलाई केही भएन र उल्टै होलिका जलेर भष्म भएको कथामा पाइन्छ ।

यस घटनालाई सम्झेर होलीको अघिल्लो रात होलिका दहन गर्ने चलन छ, जसले असत्यमाथि सत्यको विजय दर्शाउने विश्वास छ । त्यस्तै, श्रीकृष्ण र राधाको प्रेम कथासँग पनि होली जोडिएको छ । वृन्दा वन, मथुरा तथा सारनाथमा होली भव्यताका साथ मनाइन्छ, जहाँ श्रीकृष्ण गोपिनीहरूसँग रङको खेल खेल्थे । पौराणिक कथानुसार श्रीकृष्णको वर्ण गाढा नीलो थियो, जसका कारण उनी चिन्तित थिए कि गोरी राधाले उनलाई मन पराउँदिनन् कि क्या हो । यसै कारण उनले आमासँग सल्लाह माग्दा, आमाले सुझाव दिइन् कि राधालाई पनि रङ लगाइदिए राम्रो हुन्छ । त्यसपछि कृष्णले राधालाई रङ लगाउन थाले, जसले गर्दा उनीहरूको प्रेम अझ गाढा भयो । यही कारणले गर्दा होलीलाई प्रेम र उल्लासको पर्व मानिन्छ । नेपालमा पनि होलीलाई प्रेम, मित्रता र सामाजिक एकताको पर्वका रूपमा लिइन्छ, जहाँ मानिसहरू एकअर्कालाई रङ लगाएर शुभकामना साटासाट गर्छन् ।

होलीको सामाजिक तथा सांस्कृतिक महत्त्व रहेको छ । काठमाडौं उपत्यकाका विभिन्न स्थानहरूमा होलीको उल्लास अत्यधिक देख्न पाइन्छ । विशेषगरी बसन्तपुर दरबार स्क्वायर, ठमेल, पाटन दरबार स्क्वायर, भक्तपुर दरबार स्क्वायरजस्ता स्थानहरूमा होली विशेष कार्यक्रमसहित मनाइन्छ । यहाँ हजारौं मानिसहरू जम्मा भएर संगीतमा नाचगान गर्छन् । अबिर लगाउँछन् र पानी छ्यापाछ्याप गर्छन् । उहिलेभन्दा अहिले युवापुस्तामाझ होली पर्व झनै लोकप्रिय हुँदै गएको छ ।

तराईमा होली झन् भव्यताका साथ मनाइन्छ । त्यहाँको होली पहाडभन्दा लामो समयसम्म चल्ने गर्छ । होलीको दिन बिहानैदेखि मानिसहरू समूह बनाएर होली खेल्न निस्कन्छन् । साथै, एकअर्कालाई रङ लगाउने, अबिर दल्ने, परम्परागत बाजागाजासहित नाच्ने, भाङ मिसिएको पेय पिउने, तथा विशेष परिकारहरू खाने चलन छ । त्यहाँ होली केवल एक दिनको पर्व होइन, बरु एक सातासम्म उत्सवमय वातावरण रहन्छ । साथै गाउँ-गाउँमा विभिन्न सांस्कृतिक कार्यक्रमहरू आयोजना गरिन्छन् । जसमा लोकनृत्य, भजनकीर्तन तथा होली विशेष गीतहरू गाउने परम्परा छ ।

होलीको अवसरमा विशेष परिकारहरू तयार गरिन्छ । नेपाली समुदायमा होलीको दिन सेलरोटी, खिर, मालपुवा, पकोडा, लड्डुजस्ता परिकारहरू बनाइन्छन् । ठन्डाई, जुन दूध, बदाम, मेवा तथा मसला मिसाएर तयार गरिन्छ ।

होली खेल्दा केही सावधानी अपनाउनु आवश्यक छ । केही वर्षयता, रसायनयुक्त हानिकारक रङहरूको प्रयोग बढ्दै गएको छ, जसले छालामा एलर्जी आउने, आँखा दुख्ने तथा स्वास्थ्यमा असर पुऱ्याउने खतरा रहन्छ । त्यसैले, सकेसम्म प्राकृतिक रङहरू प्रयोग गर्नु उपयुक्त हुन्छ । होली खेल्दा एकअर्कालाई जबरजस्ती रङ लगाउनु हुँदैन, किनभने यसले कसैलाई अप्ठ्यारो महसुस गराउन सक्छ । सामाजिक शिष्टाचार पालन गर्दै होली खेल्दामात्र यस पर्वको सही अर्थ रहन्छ । साथै, मदिरा तथा अन्य नशालु पदार्थको अत्यधिक प्रयोग नगर्नु राम्रो हुन्छ, जसले होलीको वास्तविक उल्लासलाई कायम राख्न मद्दत गर्छ ।

होली केवल रङहरूको पर्व मात्र होइन, समाजमा प्रेम, मेलमिलाप र मित्रताको सन्देश दिने पर्व पनि हो । होलीले पुराना रिसइवी मेट्ने अवसर प्रदान गर्छ । यस पर्वले मानिसहरूलाई पुराना दुश्मनी बिर्सेर नयाँ सम्बन्ध स्थापित गर्न सन्देश दिन्छ । जातीय, धार्मिक वा क्षेत्रीय भिन्नताहरू मेटाउँदै सबैलाई एउटै सूत्रमा बाँध्ने पर्वका रूपमा होलीको महत्त्व झन् बढ्दै गएको छ । नेपालजस्तो विविधतायुक्त समाजमा होली पर्वले थप आत्मीयता ल्याउने काम गरेको छ । प्राकृतिक रङहरूको प्रयोग, जबरजस्ती नगर्ने परम्परा, र एकअर्कालाई सम्मान गर्ने संस्कारले होली पर्वको वास्तविक सौन्दर्य उजागर गर्छ । यस वर्षको होलीमा सबै नेपालीले प्रेम, सद्भाव, मित्रता र आपसी समझदारीको रङमा रंगिन सकोस् ।

प्रभाव दैनिक

## रूपशाला

### धमलाको अध्यक्षतामा नयाँ कार्यसमिति

नेशनल इभेन्ट म्यानेजमेन्ट एशोसिएसनको प्रथम अधिवेशनले नेक्स्ट मोडल एजेन्सीका सञ्चालक रवि धमलाको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । एशोसिएसनको प्रथम अधिवेशनले रविको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । त्यस्तै उपाध्यक्षमा सुशीला थापा, सचिवमा डेभिल सिंह राजपुत, कोषाध्यक्षमा नितु श्रेष्ठ,सह-सचिवमा कृष्ण श्रेष्ठ, सह-कोषाध्यक्षमा विशाल पासवान चयन गरेको छ । त्यस्तै सदस्यहरुमा भरत समारी, अमिसा वली, समसाद शाह, छिरिङ शेर्पा र रवि लामा तामाङ निर्वाचित भएका छन् ।




बिहीबार, २९ फागुन २०८१ (Thursday, March 13, 2025)

# प्रधानमन्त्री ओलीको दृश्य काटिएपछि 'राजागञ्ज' सेन्सर पास



■ प्रभाव संवाददाता

**काठमाडौं** – फिल्म 'राजागञ्ज' सेन्सर पास भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको अभिव्यक्तिका दृश्यसहित केही दृश्यमा कैंची चलाउँदै केन्द्रीय चलचित्र जाँच समितिले फिल्मलाई प्रदर्शन अनुमति दिएको हो । फिल्मले सबैले हेर्न पाउने युनिभर्सल प्रमाणपत्र पाएको छ ।

दीपक रौनियार निर्देशित फिल्ममा ९ वर्षअघि एमाले अध्यक्षको रूपमा प्रधानमन्त्री ओलीले भनेका केही अभिव्यक्ति राखिएको थियो । जसमा केन्द्रीय चलचित्र जाँच समितिले प्रदर्शन अनुमति दिन अस्वीकार गरेको थियो । अहिले फिल्म युनिटले उक्त दृश्य काटेपछि प्रदर्शन अनुमति पाएको हो ।

चैत १ गतेदेखि देशव्यापी प्रदर्शन हुने फिल्ममा दयाहाङ राई, आशा मगराती, विजय बराल, ऋचा शर्मा, गौमाया गुरुङ, पशुपति राई, पूर्वमिस नेपाल निकिता चाण्डक, पुष्पा यादव, आरती मण्डल घनश्याम मिश्र, परमेश्वर कुमार झा र नीरज श्रेष्ठ लगायतका कलाकारको अभिनय छ ।

त्यसअघि नेपाल बाहिर प्रदर्शन भइसकेको फिल्म 'राजागंज' लाई सेन्सर बोर्डले रोकेको थियो ।

सोमबार साँझ फिल्मको जाँचपछि बोर्डले केही दृश्य तथा शब्दहरूमा आपत्ति जनाउँदै त्यसलाई सच्चाएर ल्याउन निर्देशन दिएको निर्देशक दीपक रौनियारले बताएका थिए । विशेषगरी बोर्डले २०७२ सालमा एमालेको अध्यक्षको रूपमा प्रधानमन्त्री केपी शर्मा ओलीले संसदबाट बाहिरिने मधेशी दलहरूलाई 'रुखबाट झरेका दुई-तीनटा आँप' को संज्ञा दिएको दृश्य फिल्ममा समावेश गरिएकोमा आपत्ति जनाएको थियो ।

फिल्मको बुधबार साँझ काठमाडौंको कमलपोखरीस्थित बिग मुभिजमा प्रिमियर राखिएको छ । तर, फिल्म सेन्सरमा अड्किएकाले प्रिमियर मात्र नभइ प्रदर्शन समेत अन्योलमा रहेको छ । कानुनमा सेन्सर बोर्डबाट प्रमाणपत्र नपाएसम्म फिल्म देखाउन नपाइने व्यवस्था रहेपनि फिल्म सेन्सर हुनुभन्दा अगाडि नै इटहरी, विर्तामोड, जनकपुर, चितवन जस्ता सहरमा फिल्मको प्रिमियर शो आयोजना भइसकेको छ ।

दीपक राज गिरीले सेन्सरको रोकेकोप्रति विरोध गर्नुपर्ने बताउदै सामाजिक सञ्जालमा लेखेका थिए । त्यस्तै अर्का कलाकार तथा निर्माता निर्देशक निश्चल बस्नेतले पनि सेन्सर बोर्डको सदस्य हुने योग्यता के हो ? भन्दै प्रश्न गरेका छन् ।

त्यसैगरी अर्का फिल्मकर्मी मनोज पण्डितले अब नेपालमा राजनीतिक विषयमा फिल्म नै बन्न नसक्ने स्थिति आएको बताएका थिए ।

# समाजसेवी खड्कालाई दिल्लीमा सम्मान



■ प्रभाव संवाददाता

**नयाँ दिल्ली**– अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा सोकरेट्स सोशल रिसर्च यूनिभर्सिटी नयाँदिल्लीद्वारा दिल्ली विश्वविद्यालयको सत्यकाम भवन आडिटोरियममा आयोजित एक कार्यक्रममा धेरै संख्यामा महिलाहरू सम्मानित भएका छन् । उक्त कार्यक्रममा नेपालकी लिलादेवी के.सी. खड्कासमेत मानार्थ डाक्टरेट अवार्डबाट विभुषित भएकी छिन् ।

वागलुङ न.पा. ३ गुठी निवासी खड्का विगत लामो समयदेखि सामाजिक सेवामा अनवरत खटिँदै आएकोले उनीलाई उक्त सम्मान प्रदान गरिएको बताइएको छ । हाल महिला हित सहकारी संस्था वागलुङकी अध्यक्ष रहेकी खड्का सामुदायिक प्रहरी सेवा केन्द्र वागलुङ ३ का अध्यक्ष, लायन्स क्लब बागलुङ आवाजका संस्थापक अध्यक्ष, जय नारायण कौशल्या कन्या गुरुकुल बागलुङका अध्यक्ष, सर्व सिद्धी धाम वागलुङका सदस्य रहँदै सामाजिक काममा अहोरात्र खटिँदै आएकी छिन् ।

अन्तराष्ट्रिय रत्नश्री अवार्ड २०२५ एवं आँनररी मानार्थ डाक्टरेट अवार्ड कार्यक्रममा मुख्य अतिथिको रूपमा भारतीय सर्वोच्च न्यायालयका पूर्व मुख्य न्यायाधीश के.जी.बालकृष्ण रहेका थिए भने विशिष्ट अतिथीमा पूर्व मेजर जनरल पी.के. सहगल तथा अतिथीहरूमा डा. अन्नपूर्णा मिश्रा, पूर्व मेयर डा. जेनिस दरबारी, भारतका मोंटेगरोका राजदूत डा. दिनेश मोहन शर्मा, भारतका पूर्व प्रहरी अधिकारी सी.बी.आई. डा. प्रोफेसर गीता सहारे, दिल्ली यूनिभर्सिटी वमेन एसोसिएशनका अध्यक्ष डा. नाहर सिंह, राज्य शैक्षिक अनुसन्धान एवं प्रशिक्षण परिषद नई दिल्लीका संयुक्त निर्देशक हुकम चन्द, दिल्ली सरकारका पूर्व उपआयुक्तलगायत विभिन्न देशका विशिष्ट व्यक्तित्वहरूको उपस्थितिमा महिलाहरूलाई सम्मान प्रदान गरिएको थियो ।

## रंगशाला

महिला टी-२०

# नेपाल नामिबियासँग पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं**– महिला ट्वान्टी-२० अन्तरराष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत बुधबार भएको खेलमा नेपाल नामिबियासँग पराजित भएको छ । जारी प्रतियोगितामा नेपालको यो प्रतियोगितामा तेस्रो हार हो ।

युगान्डाको एन्टेब्बे क्रिकेट ओभल मैदानमा नेपाल नामिबियासँग २३ रनले पराजित भएको हो । हारसँगै नेपाल फाइनल पुग्ने सम्भावना कमजोर बनेको छ ।

नामिबियासँगको पहिलो भेटमा पनि नेपाल ६ विकेटले पराजित भएको थियो । यस्तै घरेलु टोली युगान्डलाई एक विकेटले हराएको नेपाल हङकङसँग दुई रनले पराजित भएको थियो । प्रतियोगितामा दोस्रो जित निकालेको नामिबियाको चार खेलमा चार अंक छ । नामिबियाले यसअघि पनि नेपाललाई पराजित गरेको थियो । साथै हङकङसँग चार विकेट र युगान्डासँग एक रनको पराजय बेहोरेको थियो ।

नामिबियाले प्रस्तुत गरेको १२६ रनको लक्ष्य पछ्याएको नेपालले २० ओभर पाँच विकेट गुमाउँदै १०२ रन मात्रै बनाउन सक्यो । नेपालका लागि साना प्रवीनले ३१, कविता कुँवरले अविजित १७ तथा पूजा महतो र कप्तान इन्दु बर्माले समान १५ रन बनाए ।

नामिबियाका लागि इभ्लिन केजरुक्वाले दुई तथा विल्का एमवाटिल, साइमा टुहाडेलिनी र मिकेली एमवाटिलले समान एक/एक विकेट लिए ।

टस हारेर पहिले ब्याटिङ गरेको नामिबियाले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै १२५ रनको योगफल बनाएको थियो । नामिबियाका लागि यास्मिन खानले ४५, विल्का एमवाटिलले २०, आरास्ता डियर्गार्डले अविजित १६ तथा सुने विटम्यानले १५ रन बनाए ।

नेपालका लागि ईश्वरी विष्टले तीन, रचनाकुमारी चौधरीले दुई तथा रिया शर्मा र इन्दु बर्माले समान एक/एक विकेट लिए । नेपालले अर्को खेल भोलि युगान्डासँग खेल्ने तालिका छ ।

पिएम कप

# कोशी प्रदेशको लगातार तेस्रो हार

■ प्रभाव संवाददाता

**काठमाडौं**– जारी पीएम कप अन्तर्गत नेपाल पुलिस क्लबले लगातार दोस्रो जित हासिल गरेको छ ।


बुधबार सम्पन्न खेलमा नेपाल पुलिस क्लबले कोशी प्रदेशलाई १५४ रनले पराजित गरेको छ । पुलिस क्लबले दिएको २८९ रनको लक्ष्य पछ्याएको कोशी प्रदेशले ३६.२ ओभरमा अल आउट हुदै १३४ रन मात्र बनाएको थियो । कोशीका लागि सुजन थपलियाले सर्बाधिक ३३ रन बनाए भने अंकित सुबेदीले २१ र शकिब हकले १७ रन बनाएका थिए ।

त्यस्तै पुलिस क्लबका करण केसीले ३ विकेट लिए भने ललित राजबंशी र कुशल भुर्तेलले २-२ विकेट लिएका थिए ।

यसअघि टस जितेर पहिला ब्याटिंग गरेको पुलिस क्लबले ५० ओभरमा ८ विकेट गुमाउदै २८८ रन बनाएको थियो । पुलिसका लागि कुशल भुर्तेलले ६५, दिलिप नाथले ६१, अर्जुन साउद र रशिद खानले ३८-३८ रन बनाएका थिए । त्यस्तै कप्तान दिपेन्द्र सिंह ऐरीले ३२ र गुलशन झाले २१ रन बनाएका थिए । त्यसैगरी कोशीका बलर भुपाल लुईंटेलले ३ विकेट लिए भने प्रकाश कार्कीले २ विकेट लिएका थिए ।

यो जितपछि पुलिस क्लबको २ खेलमा ४ अंक भएको छ भने कोशी प्रदेशले लगातार तेस्रो खेल हारेको छ ।

# क्यानले गऱ्यो खेलाडीको वर्गीकरण को कुन श्रेणीमा परे ?







■ प्रभाव संवाददाता

**काठमाडौं**– नेपाल क्रिकेट संघ (क्यान)ले खेलाडीहरूको नयाँ वर्गीकरण सार्वजनिक गरेको छ । क्यानले पुरुष र महिला गरी दुवै तर्फ खेलाडीहरूको बर्गीकरण गरेको हो ।

क्यानले बुधबार सार्वजनिक गरेको वर्गीकरणअनुसार पुरुषतर्फ ग्रेड 'ए' मा कप्तान रोहितकुमार पौडेलसहित दीपेन्द्रसिंह ऐरी, सोमपाल कामी, आसिफ शेख र सन्दीप लामिछानेसहित पाँच खेलाडी छन् ।

यस्तै, यसअघि ग्रेड 'ए' मा रहेका करण केसी र कुशल भुर्तेल भने घटुवामा परेका छन् । ग्रेड 'ए' मा रहने खेलाडीले मासिक एक लाख रूपैयाँ तलब पाउने छन् । ग्रेड 'बी' मा रहने खेलाडीले भने ७० हजार रूपैयाँ पाउने छन् ।

ग्रेड 'बी' मा कुशल र करणसँगै गुल्शनकुमार झा, ललितनारायण राजवंशी र अनिकुमार शाह छन् । ललित यसअघि पनि यही ग्रेडमा थिए । अनिललाई भने पहिलोपल्ट क्यानले वर्गीकरणमा समेटेको हो ।

यस्तै, यसअघि ग्रेड 'बी' मा रहेका अलराउन्डर कुशल मल्लसँगै आरिफ शेखको घटुवामा परेका छन् । यी दुईसँगै सन्दीप जोरा र भीम सार्की ग्रेड 'सी' मा छन् ।

सन् २०२५ केन्द्रीय सम्झौतामा रहने खेलाडीहरूको सम्झौता अवधि ६ महिना (जनवरीदेखि जुनसम्म) को हुनेछ । त्यसपश्चात खेलाडीहरूको प्रदर्शनका आधारमा बाँकी ६ महिना (जुलाईदेखि डिसेम्बरसम्म) को लागि पुनः वर्गीकरण गरि केन्द्रीय सम्झौता गरिने क्यानले जनाएको छ ।

त्यस्तै महिलाहरूमा क्यानले बुधबार सार्वजनिक गरेको नयाँ वर्गीकरणमा कप्तान इन्दु बर्मासहित चार खेलाडी ग्रेड 'ए' मा परेका छन् । यसअघि यो ग्रेडमा इन्दुसहित अलराउन्डरद्वय रुविना क्षेत्री र सीतारानामगर मात्रै थिए । यसपल्ट भने अर्का अलराउन्डर पूजा महतोलाई पनि यो ग्रेडमा बढुवा गरिएको छ । नेपाललाई आइसिसी यु-१९ विश्वकप र एसिया कपमा पुऱ्याएकी पूजा यसअघि ग्रेड 'सी' मा थिइन् । यस्तै, ग्रेड 'बी' मा कविता कुँवर यथावत् छिन् ।

ग्रेड 'ए' मा रहने खेलाडीले मासिक ५० हजार रूपैयाँ प्राप्त गर्नेछन् । ग्रेड 'बी' लाई भने ३५ हजार रूपैयाँ दिइँदै आएको छ ।

सन् २०२५ केन्द्रीय सम्झौतामा रहने खेलाडीहरूको सम्झौता अवधि ६ महिना (जनवरीदेखि जुनसम्म) को हुनेछ । त्यसपश्चात खेलाडीहरूको प्रदर्शनका आधारमा बाँकी ६ महिना (जुलाईदेखि डिसेम्बरसम्म) को लागि पुनः वर्गीकरण गरि केन्द्रीय सम्झौता गरिने क्यानले जनाएको छ ।



**होलीको उत्सव** | भारतको वृन्दावनस्थित एउटा मन्दिरमा रङहरूको पर्व होली मनाउने क्रममा बुधबार गुलाल (रङको धुलो)ले पोतिएकी एक विधवा महिला फूलको वर्षा गर्दै । *तस्बिरः एएफपी*

# युक्रेन र अमेरिकाबीच ३० दिने अस्थायी युद्धविरामको सहमति

**जेद्दा, साउदी अरब–** मंगलबार साउदी अरेबियाको जेद्दामा युक्रेन र अमेरिकी प्रतिनिधिमण्डलबीच उच्चस्तरीय वार्ता सम्पन्न भएको छ । वार्तापछि जारी गरिएको संयुक्त विज्ञप्तिमा अमेरिकाले युक्रेनलाई सुरक्षा सहायता पुनः सुरु गर्ने तथा खुफिया जानकारी आदानप्रदानमा रोक नलगाउने जनाएको छ । यस वार्ताको क्रममा युक्रेनले अमेरिकी प्रस्तावलाई स्वीकार गर्दै ३० दिने अस्थायी युद्धविरामका लागि सहमति जनाएको छ ।

ह्वाइट हाउसमा आयोजित कार्यक्रममा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्धविराम प्रस्तावबारे प्रतिक्रिया जनाउँदै युक्रेनले यसमा सहमति जनाएको र रुसले पनि समर्थन गर्ने आशा गरिएको बताए । उनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग प्रत्यक्ष वार्ता गर्ने संकेत गर्दै आपसी समझदारीका लागि पहल गर्ने उल्लेख गरे ।

वार्तामा अमेरिकी विदेशसचिव मार्को रुबियोले साउदी अरेबियाको मध्यस्थताको प्रशंसा गर्दै अब रुसले युद्धविराम सर्तहरू स्वीकार गरेर वास्तविक शान्ति वार्तामा अघि बढ्नुपर्ने बताए । उनले वार्ताको सफलताका लागि अमेरिकी राष्ट्रपति ट्रम्पको पहललाई श्रेय दिँदै युद्ध अन्त्य गर्नु नै प्रमुख उद्देश्य रहेको स्पष्ट पारे । यस वार्तामा अमेरिकाकोतर्फबाट विदेशसचिव मार्को रुबियोसँगै राष्ट्रिय सुरक्षा सल्लाहकार माइक वाल्ट्ज र मध्यपूर्व राजदूत स्टिभ विटकफ सहभागी थिए भने युक्रेनको तर्फबाट राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीका प्रमुख कर्मचारी एन्ड्री येर्माक, विदेशमन्त्री एन्ड्री सिबिहा र रक्षामन्त्री रुस्टेम उमरोभ उपस्थित थिए ।

यसैबीच, रुसी राज्य समाचार संस्था ताससँग कुरा गर्दै रुसी विदेश मन्त्रालयका प्रवक्ता मारिया जाखारोभाले अमेरिकी प्रतिनिधिहरूसँग आगामी दिनमा सम्पर्क गर्न सकिने संकेत गरे। फेब्रुअरी २८ मा ह्वाइट हाउसमा राष्ट्रपति ट्रम्प र उपराष्ट्रपति जेडी भान्ससँग युक्रेनी राष्ट्रपति जेलेन्स्कीबीच विवाद भएको थियो । त्यसयता अमेरिका र युक्रेनबीच उच्चस्तरीय वार्ता हुन सकेको थिएन । राष्ट्रपति ट्रम्पले युक्रेनलाई अमेरिकी सैन्य सहायता र खुफिया जानकारी आदानप्रदानमा रोक लगाएपछि दुई देशबीचको सम्बन्ध नाजुक बनेको थियो । हाल कीभले अमेरिकासँग सम्बन्ध सुधार गर्न निरन्तर पहल गरिरहेको छ ।

अब प्रस्तुत युद्धविराम प्रस्तावमा रुसले कसरी प्रतिक्रिया जनाउने छ भन्ने चासोको विषय बनेको छ । यदि रुसले सहमति जनाएको खण्डमा युद्ध अन्त्यतर्फ एक महत्त्वपूर्ण कदम अघि बढ्ने विश्वास गरिएको छ । *रासस⁄एपी*



## अमेरिका-रूस तनाव कम गर्न सहमत

मस्को- अमेरिका र रुसका गुप्तचर निकायका प्रमुखहरूले फोनमा कुराकानी गरेको र अमेरिका-रुस सम्बन्धमा तनाव कम गर्न नियमित सम्पर्क कायम राख्न सहमत भएको बुधबारका समाचार रिपोर्टहरूले जनाएका छन् ।

धेरै वर्षपछि पहिलोपटक यस्तो सम्पर्कमा सिआइए प्रमुख जोन र्‍याटक्लिफ र रुसको बाह्य गुप्तचर एजेन्सी एसभिआरका प्रमुख सर्गेई नारिस्किनले मंगलबार फोनमा कुरा गरेको सरकारी तास एजेन्सीले जनाएको छ । उनीहरू आफ्ना एजेन्सीहरूबीच 'अन्तर्राष्ट्रिय स्थिरता र सुरक्षामा योगदान पुर्‍याउनका साथै मस्को र वासिङ्टनबीचको सम्बन्धमा द्वन्द्व कम गर्न' 'नियमित सम्पर्क' गर्न सहमत भएका छन् ।

यो फोनवार्ता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तीन वर्षे युक्रेन संघर्ष अन्त्य गर्ने प्रतिज्ञा गर्दै पदभार सम्हालेपछि पहिलो यस्तो सम्पर्क थियो । युक्रेनले ३० दिनको युद्धविरामका लागि अमेरिकी प्रस्तावलाई समर्थन गरेको र साउदी अरबमा संकटपूर्ण वार्तामा रुससँग तत्काल वार्ता गर्न सहमत भएकै दिन यो फोनवार्ता भएको थियो । सिआइए र एसभिआरका प्रमुखहरूबीच अन्तिम सम्पर्क सन् २०२२ नोभेम्बरमा भएको थियो । त्यसबेला नारिस्किनले अंकारामा तत्कालीन सिआइए प्रमुख विलियम बर्न्ससँग कुरा गरेको थियो । *रासस⁄एएफपी*

# अम्बानीले गरे स्पेसएक्ससँग सम्झौता




**मुम्बई–** भारतीय अर्बपति मुकेश अम्बानीको जियो प्लाटफर्मले बुधबार एलन मस्कको स्पेसएक्ससँग स्टारलिंकको उपग्रह इन्टरनेट सेवा आफ्ना ग्राहकहरूलाई प्रदान गर्न सम्झौता गरेको बताएको छ । प्रतिद्वन्द्वी टेल्को कम्पनी भारती एयरटेलले यस्तै सम्झौतामा हस्ताक्षर गरेको एक दिनपछि र मस्क र अम्बानीका कम्पनीहरूबीच स्याटेलाइट स्पेक्ट्रम कसरी प्रदान गर्ने भन्ने विषयमा विवाद भएको केही महिनापछि यो घोषणा आएको हो ।

कम पृथ्वी कक्ष उपग्रहहरूद्वारा दुर्गम स्थानहरूमा उच्च-गतिको इन्टरनेट पहुँच प्रदान गर्ने स्टारलिंकको सम्भावित प्रक्षेपणले भारतमा प्रिडेटरी मूल्य निर्धारणदेखि स्पेक्ट्रम विनियोजनसम्मका मुद्दाहरूमा तीव्र बहस भएको छ । तर विश्वको सबैभन्दा बढी जनसंख्या भएको भारतले बृहत् स्याटेलाइट ब्रोडब्यान्ड सेवाहरूको प्रक्षेपणका लागि तयारी गरिरहेको बेला स्पेसएक्स र भारतका टेलिकमहरूले अपनाउन सहयोग गर्न हात मिलाएको देखिन्छ ।

एक विज्ञप्तिअनुसार यो सम्झौताले जियोले 'आफ्ना खुद्रा आउटलेटहरूमा स्टारलिंक उपकरणहरू' प्रदान गर्ने र भारतीय कम्पनीले 'ग्राहक सेवा स्थापना र सक्रियतालाई समर्थन गर्न मद्दत' गर्ने पनि देखिन्छ । 'पार्टीहरूले भारतका सबैभन्दा ग्रामीण र दूरदराजका क्षेत्रहरूसहित देशभर विश्वसनीय ब्रोडब्यान्ड सेवाहरू प्रदान गर्न, डेटा ट्राफिकका हिसाबले विश्वको सबैभन्दा ठूलो मोबाइल अपरेटरका रूपमा जियोको स्थितिको फाइदा उठाउने छन्,' विज्ञप्तिमा भनिएको छ ।

जियोले यो सम्झौता 'स्पेसएक्सले भारतमा स्टारलिंक बेच्नका लागि आफ्नै अनुमति प्राप्त गर्ने' कुरामा निर्भर रहेको बताएको छ । गत महिना स्टारलिंकको इजाजतपत्र आवेदन प्रारम्भिक नियामक स्वीकृतिको नजिक पुगेको भारतीय मिडिया रिपोर्टहरूले बताएका थिए ।

अम्बानीको दूरसञ्चार एकाइले पनि स्याटेलाइट ब्रोडब्यान्ड सेवा प्रदान गर्न छुट्टै काम गरिरहेको छ । जियो प्लेटफर्मले जियोस्टेसनरी र मध्यम पृथ्वी कक्ष उपग्रहहरूको संयोजन प्रयोग गरेर ब्रोडब्यान्ड सेवाहरू प्रदान गर्न सन् २०२२ मा लक्जमबर्गको एसइएससँग संयुक्त उद्यमको घोषणा गरेको थियो ।

गत महिना वासिङ्टनमा मस्कले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेटेपछि पनि जियो-स्पेसएक्स सम्झौता आएको हो । प्रविधि उद्यमी मस्कको भारतमा व्यापारिक रुचि हाल सामाजिक मिडिया प्लेटफर्म एक्समा सीमित छ । विद्युतीय सवारी निर्माता टेस्लाले विश्वको पाँचौं ठूलो अर्थतन्त्रमा प्रवेश गर्न तयारी गरिरहेको छ ।

टेस्लाले गत महिना नयाँदिल्ली र मुम्बईका लागि स्टोर प्रबन्धक र सेवा प्राविधिकहरूका लागि जागिरको विज्ञापन जारी गर्दै भारतमा भर्ती सुरु गर्न थालेको थियो । *रासस⁄एएफपी*

## रूस र इरानलाई आणविक वार्ताका लागि आतिथ्य गर्दै चीन

**बेइजिङ–** चीनले शुक्रबार तेहरानको आणविक कार्यक्रमबारे त्रिपक्षीय वार्ताका लागि रुस र इरानलाई आतिथ्य गर्ने बेइजिङको विदेश मन्त्रालयले बताएको छ । 'तीन पक्षले इरानी आणविक मुद्दा र अन्य आपसी चासोका विषयहरूमा विचार आदानप्रदान गर्ने छन्,' विदेश मन्त्रालयका प्रवक्ताले बुधबार भने ।

बैठकमा चीनका उप-विदेशमन्त्री मा झाओजु, रुसी उपविदेशमन्त्री र्‍याब्कोभ सर्गेई अलेक्सेभिच र इरानी उपविदेशमन्त्री काजेम घरिबाबदीले भाग लिने छन् । सन् २०२१ मा समाप्त भएको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पहिलो कार्यकालमा वासिङ्टनले प्रतिबन्ध राहतको बदलामा इरानको आणविक कार्यक्रममा नियन्त्रण लगाउने ऐतिहासिक सम्झौताबाट पछि हटेको थियो । वासिङ्टनको फिर्तापछि तेहरानले एक वर्षसम्म सन् २०१५ को सम्झौतालाई पालना गर्‍यो तर त्यसपछि आफ्ना प्रतिबद्धताहरू फिर्ता लिन थाल्यो । सम्झौतालाई पुनर्जीवित गर्ने प्रयासहरू त्यसयता असफल भएका छन् । *रासस⁄एएफपी*

## अमेरिकी इस्पात भन्सार शुल्कबाट मुक्त नहुनु 'खेदजनक' : *जापान*

**टोकियो–** जापानले बुधबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इस्पात र एल्मुनियममा २५ प्रतिशत भन्सारबाट देशलाई छुट नदिनु 'खेदजनक' भएको बताएको छ । जापानले प्रतिशोधात्मक उपायहरूबारे विचार गरिरहेको छ कि भनेर सोधिएको प्रश्नमा शीर्ष सरकारी प्रवक्ता योशिमासा हयासीले दुई राष्ट्रले अमेरिकी समयानुसार मध्यरात (०४०० जिएमटी बुधबार) मा लागू भएको भन्सार शुल्कको विवरण छलफल गर्न जारी राख्ने बताए ।

'व्यापार सीमित गर्ने व्यापक उपायहरूले जापान-अमेरिका आर्थिक सम्बन्धका साथै विश्व अर्थतन्त्र र बहुपक्षीय व्यापार प्रणालीमा उल्लेखनीय प्रभाव पार्ने जोखिम रहन्छ,' हयासीले पत्रकारहरूलाई भने, 'जापानलाई अतिरिक्त भन्सार लगाउनबाट बाहिर नराखिएकामा खेदजनक छ ।'

सन् २०२४ मा जापानले तीन करोड १४ लाख टन इस्पात निर्यात गरेको थियो । सोमध्ये ११ लाख टन अमेरिकामा गएको थियो । वासिङ्टनका अनुसार यो देशको इस्पात आयातको चार प्रतिशत हो । 'जापानी इस्पात र एल्मुनियम उत्पादनहरूको आयातले अमेरिकी राष्ट्रिय सुरक्षालाई हानि गर्दैन, बरु, हाम्रा उच्च गुणस्तरका उत्पादनहरू प्रतिस्थापन गर्न कठिन छ र अमेरिकी निर्माण उद्योगको प्रतिस्पर्धात्मकतालाई बलियो बनाउन आवश्यक छ,' हयासीले भने ।

अर्थव्यवस्था, व्यापार र उद्योगमन्त्री योजी मुटोले यस हप्ता वासिङ्टनमा अमेरिकी अधिकारीहरूलाई जापानलाई धातु र आगामी सवारी भन्सार शुल्कबाट छुट दिन आग्रह गरेको थियो । 'मन्त्री मुटोको अमेरिकी भ्रमणका क्रममा वासिङ्टनले जापानसँगको आफ्नो सम्बन्धलाई प्राथमिकताका रूपमा लिएको र संयुक्त राज्य अमेरिकामा जापानको लगानीका साथै अमेरिकी अर्थतन्त्रमा रोजगारीका माध्यमबाट खेलेको भूमिकालाई मूल्यवान ठानेको आफ्नो स्थिति व्यक्त गरेको थियो,' हयासीले भने ।

'संयुक्त राज्य अमेरिकामा इस्पात र एल्मुनियमको जापानी निर्यातको अनुपात... धेरै सानो छ, त्यसैले जापानी कम्पनीहरूमा प्रत्यक्ष प्रभाव त्यति ठूलो हुने छैन,' जापान बिजनेस फेडरेसनका अध्यक्ष मासाकाजु टोकुराले यस हप्ताको सुरुमा भनेका थिए । यद्यपि विशेषगरी धेरै जापानी कम्पनीहरू मेक्सिको र क्यानाडामा विस्तार भएका छन् र त्यहाँबाट संयुक्त राज्य अमेरिकामा निर्यात गरिरहेकाले अटोमोबाइलहरूमा लगाइएको भन्सार शुल्कले महत्त्वपूर्ण प्रभाव पार्ने छ । *रासस⁄एएफपी*


**Invitation of Electronic Bids**

**Urlabari Municipality**

**Office of Municipal Executive**

**Urlabari, Morang**

**Koshi Province, Nepal**

**Date of Publication: 2081/11/29(13th March 2025)**

1. The Urlabari Municipality office, invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedure:

**Details of Works**

| S.No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-pavingblock-Ward 5-W-NCB-28-081/82 | Construction of Paving block at Milijuli marga ka,Udhyog Banijya Sanghpaschim,Balbhadra marga urlabari-5 morang | 47,09,806.95 | 1,05,000.00/- | 3000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्युनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्कटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला - १७०५०० | प्रति तोला - ० | प्रति तोला - २०००

# चैत ५ मा पोखरा-छेन्दु उडान

■ प्रभाव संवाददाता



**गण्डकी–** पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडानको प्रयासस्वरूप यही चैत ५ गते पोखराबाट मित्रराष्ट्र चीनको छेन्दुसम्म पहिलो व्यवसायिक चार्टर्ड उडान गरिने भएको छ।

लामो समयदेखि पोखरेली जनसमुदायको माग तथा सरकारी र निजी क्षेत्रको संयुक्त प्रयासबाट सञ्चालनमा आएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटन भएको दुई वर्षसम्म पनि नियमित अन्तर्राष्ट्रिय उडान हुन नसकेका अवस्थामा पहिलोपटक व्यावसायिक चार्टर्ड उडान गर्न लागिएको पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले जानकारी दिए।

'पोखराबाट अन्तर्राष्ट्रिय विमान सुचारु गर्नको लागि पटकपटक राज्यका सम्बन्धित उच्च निकायमा ध्यानाकर्षण गरिरहदा पनि उडान सुचारु हुन नसक्दा हामी निजी क्षेत्रका पर्यटन व्यवसायीले नै केही प्रयास गरौं भन्ने उद्देश्यका साथ पोखरा पर्यटन परिषद्को नेतृत्वमा नेपालस्थित चिनियाँ राजदूतावास र सिचुवान एयरलाइन्स सँगको सहकार्यमा यो अन्तर्राष्ट्रिय उडान गर्न लागिएको हो', उनले भने।

यसमा विशेषतः चीनस्थित चाइना ट्राभल्स इन्टरनेसनल छेन्दुले सुरुआती उडानहरूमा सहकार्य गरिरहेको बताउँदै उनले नेपालस्थत चाइनिज ओभरसिज एसोसिएसनले पनि संयोजनकारी भूमिका निर्वाह गरेको जानकारी दिए। यो उडानले पोखरा र समग्र गण्डकी प्रदेशकै पर्यटन चलायमान हुने विश्वास लिइएको उनको भनाइ छ।

आगामी तीन महिनासम्मको अवधिमा करिब एक हजार २५० जना चिनियाँ पर्यटक चीनको सिचुवान प्रदेशबाट हवाईमार्गबाट सीधा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गराउन प्रयासरत रहेको चिनियाँ दूतावास, सिचुवान एयरलाइन्स र चाइना ट्राभल इन्टरनेसनल छेन्दुले जानकारी गराएको उनले बताए।

सुरुवाती चरणमा केही व्यावसायिक चार्टर्ड उडानबाट सुरु गरेर यसलाई व्यावसायिक उडानमा परिणत गरी नियमित अन्तर्राष्ट्रिय उडान गर्ने कार्यको लागि पोखरा पर्यटन परिषद् र समग्र पर्यटन व्यवसायीहरू निरन्तर प्रयासमा लागिरहेको परिषद्ले जनाएको छ। पोखराबाट नियमित अन्तर्राष्ट्रिय उडानको प्रयासस्वरूप पहिलोपटक व्यावसायिक चार्टर्ड उडान हुन लागेको बताउँदै पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले अब चार्टर्ड मात्र नभई नियमित उडान हुनुपर्ने बताए।

ठूलो जनसंख्या रहेको चीनबाट पर्यटक भित्र्याउन सकिएमा त्यसले पोखरा सहित समग्र नेपालको पर्यटनमा महत्वपूर्ण योगदान पुग्ने उनले बताए।

नेपालस्थित चिनिया राजदूतावासका डिसिएम वाङ सिनले पोखराबाट हुन लागेको व्यावसायिक चार्टर्ड उडानले पोखराको समग्र आर्थिक एवं पर्यटकीय विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने बताउँदै नेपाल चीनबीचको वर्षौंदेखिको सम्बन्ध आगामी दिनमा थप प्रगाढ बन्दै जाने उनले विश्वास व्यक्त गरे। उडानको तालिका अनुसार चैत ५ गते छेन्दुबाट बिहान १० बजे १२७ जना चिनियाँ यात्रु लिएर विमान पोखरा विमानस्थल अवतरण गर्नेछ। उक्त दिन दिउँसो १२ बजे १२७ जना पोखराबाट पर्यटन व्यवसायी छेन्दु प्रस्थान गर्नेछन्।

उक्त व्यावसायिक चार्टर्ड उडानमा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछाने, पोखरा भ्रमण वर्ष २०२५ कार्यसम्पादन समितिका संयोजक गोपीबहादुर भट्टराई, पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीलगायत सहभागी बन्ने जनाइएको छ।

पहिलो व्यावसायिक उडानका क्रममा हुनेसात रात आठ दिनसम्मको कार्यक्रममा विशेषतः सिचुवान प्रदेशको छेन्दु, लुभ्Fेउ, इमि, लिसन, छोङछिङ केन्द्रित रही त्यहाँका पर्यटन विकास, विस्तारका बारे जनकारी लिइने परिषद्का महसचिव जीवनराज सापकोटाले जानकारी दिए।

त्यस्तै नेपाल पर्यटन बोर्डको आयोजना तथा नेपाली महावाणिज्य दूतावास छेन्दुको सहकार्यमा छेन्दु र छाउछिङमा क्रमशः १९ र २२ मार्चमा नेपाल इभिङ र सेल्स मिसन गर्न लागिएको नेपाल पर्यटन बोर्ड पोखरा कार्यालयका प्रमुख मणिराज लामिछानेले जानकारी दिए। 'पोखराबाट अन्तर्राष्ट्रिय उडानका रूपमा गर्न लागिएको पहिलो व्यावसायिक चार्टर्ड उडानसँगै गरिने सेल्स मिसनका कार्यक्रमले पोखरा सहित समग्र नेपालको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण टेवा पुग्नेछ', उनले भने।

# 'स्थानीयको काम संघले गर्नु संविधानविपरीत'



■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले स्थानीय तह र प्रदेशले गर्ने काम संघले गर्नु संविधान र संघीयताको मर्म र भावना विपरीत हुने बताएका छन्।

आर्थिक वर्ष २०८२/०८३ वर्षको बजेट सम्बन्धी अर्थ मन्त्रालयले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग गरेको छलफलमा अर्थमन्त्री पौडेलले स्थानीय तह र प्रदेशले गर्ने काम अब संघले गर्न नहुने बताए।

२०७२ सालामा संविधानसभाबाट जारी संविधानमा संघको एकल अधिकार अनुसूची ५ मा, प्रदेशको एकल अधिकार अनूसूची ६ मा, स्थानीय तहको एकल अधिकार अनूसूची ८ र संविधानको अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकार उल्लेख छ।

यसैगरी अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार उल्लेख छ। संविधानमा उल्लेख भएका अधिकारहरूलाई कार्य विस्तृतिकरण प्रतिवेदनले अझ विस्तृत गरेको छ।

अर्थमन्त्री पौडेलले संघीय सरकारको सीमामा रहेर मात्र नयाँ बजेटमा कार्यक्रम पेश गर्न आग्रह गरेका छन्।

उनले सहकारी, जमिनको खण्डीकरण, बाँझो जमिन, अस्थायी बसोबास, सार्वजनिक जग्गाको संरक्षण, भूमि बैंक, अभिलेखहरूको डिजिटलाइजेसन लगायतलाई सम्बोधन गर्ने गरी बजेट तथा कार्यक्रमहरू प्रस्ताव पेश गर्न पनि आग्रह गरेका छन्। छलफलमा अर्थ सचिव, भूमि सचिव, विभागीय प्रमुख लगायतको उपस्थिति थियो।

नयाँ बजेट निर्माण सम्बन्धी यस अघि अर्थ मन्त्रालयले भौतिक, शहरी, उर्जा, स्वास्थ्य, उद्योग, खानेपानी, संघीय मामिला, कृषि मन्त्रालय छलफल गरेको थियो।

# नगरकोट सूर्योदयभन्दा बढी...



■ दिपा सुनुवार

**काठमाडौं–** 'नगरकोट भ्रमण वर्ष -२०८२' चार नगरपालिकाको लागि सुनको कचौरा हुने भएको छ। पर्यटकीय नगरी नगरकोटको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले गर्न लागिएको नगरकोट भ्रमण वर्ष सफल पार्न भक्तपुरको चाँगुनारायण नगरपालिकाले आज पर्यटन व्यवसायी र सञ्चारकर्मीसँग एक अन्तरक्रियात्मक छलफल गरेको छ।

'कृषि, पर्यटन र सामाजिक पूर्वाधारः समृद्ध चाँगुनारायणको मुल आधार' नाराका साथ नयाँ वर्ष २०८२ को वैशाख १ गतेदेखि भ्रमण वर्षको औपचारिक सुरुवात हुँदैछ। भक्तपुरको चाँगुनारायण नगरपालिकाले नगरकोट भ्रमण वर्ष-२०८२ को तयारीलाई तीव्रता दिएको छ। काभ्रे, काठमाडौं र भक्तपुर गरि तीन जिल्ला र काठमाडौंको शंखरापुर नगरपालिका, काभ्रेको बनेपा नगरपालिका र मन्डन देउपुर नगरपालिका तथा भक्तपुरको चाँगुनारायण नगरपालिका नगरकोटसँग सीमा जोडिएको छ।पर्यटकीय नगरी नगरकोटसँग जोडिएका पालिका प्रमुखहरूले नगरकोट भ्रमण वर्ष २०८२ सफल बनाउन सामूहिक ऐक्यबद्धता जनाए अनुसार बजेट पनि विनियोजन गरेका छन् तर बजेटको निकासामा चार पालिकाले नै पहल गर्नुपर्नेमा जोड गरे।

कार्यक्रममा व्यवसायी र सञ्चारकर्मीहरूको साथ र सहयोगले नै यो भ्रमण वर्षले सार्थकता दिने चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्रीले बताएका छन्। तयारीस्वरूप हाल नगरपालिकाका १ देखि ९ वटै वडामा वडास्तरीय भ्रमण वर्ष तयारी समितिले तीव्र रूपमा काम अघि बढाइएको उनले बताए। भ्रमण वर्षका क्रममा वर्षभर विभिन्न सांस्कृतिक, पर्यटकीय र आर्थिक गतिविधि हुने भएकाले व्यवसायी र सञ्चारकर्मीसँगको सहकार्यले चार नगरपालिकाको स्थानीय आर्थिक गतिविधिमा उल्लेख्य वृद्धि हुने अपेक्षा पनि गरेको उनले बताए।

प्रमुख खत्रीले भने 'यो पर्यटन वर्ष सफलतापूर्वक सम्पन्न गर्न सकिएमा भविष्यमा हाम्रो यहाँका चारवटै नगरपालिकाको नागरिकहरू, व्यवसायी, युवा, उद्यमी कोही पनि अन्त भौतारिनु पर्दैन। यो सुनको कचौरा हो, यही कचौरामा बेचेर हामीले हाम्रो जीवन सुन्दर बनाउन सक्छौं।' समितिका संयोजक एवं वडाध्यक्ष धनबहादुर लामाले भ्रमण वर्षमा हुने पर्यटन गतिविधिले नगरकोटको मात्र नभई सम्पूर्ण चाँगुनारायण क्षेत्रको आर्थिक समृद्धिमा टेवा पुऱ्याउने बताए।

नयाँ वर्ष २०८२ को वैशाख १ गतेदेखि भ्रमण वर्ष औपचारिक रूपमा प्रारम्भ हुनेछ। यस अवधिमा वडाहरूले विभिन्न कार्यक्रम आयोजना गरी नगरपालिकाको पर्यटकीय पहिचानलाई थप सुदृढ बनाउने लक्ष्य लिएका छन्। सो क्षेत्रमा हुने पर्यटन वर्षलाई सफल बनाउन स्थानीय पनि उत्साहित भएका छन्। प्रवर्द्धनका साथै पर्यटन विकासका लागि घोषणाले समग्र नगरकोटको समृद्धि हुने अपेक्षा गरिएको छ।

नगरपालिकाले नगरकोट भ्रमण वर्ष २०८२ तयारीका लागि १ करोड २५ लाख बजेट विनियोजन गरेको छ। नगरपालिकाको पन्ध्रौं अधिवेशनले नगरकोट भ्रमण वर्ष २०८२ घोषणा गरि आवश्यक पूर्वाधार निर्माण तथा अन्य पर्यटन गतिविधि गर्न रकम विनियोजन गरेको हो। नगरपालिकाले आगामी आर्थिक वर्ष २०८१-२०८२ का लागि २ अर्ब ८ करोड १८ लाख ९३ हजार ५ सय रूपैयाँ बजेट विनियोजन पनि गरेको छ।

## कर्पोरेट

### ग्लोबल आइएमईबाट अनलाइन भुक्तानीमा ५० प्रतिशत छुट




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले वैदेशिक शिक्षा तथा भाषा परिक्षाका लागि लाग्ने विभिन्न शुल्कहरूको अनलाइन भुक्तानी गर्दा लाग्ने सेवा शुल्कमा ५० प्रतिशत छुट प्रदान गर्ने योजना सार्वजनिक गरेको छ।

बैंकले सार्वजनिक गरेको योजना अनुसार नेपाली विद्यार्थीहरूले विभिन्न अन्तर्राष्ट्रिय विश्वविद्यालयहरूको शैक्षिक शुल्क, बीमा शुल्क लगायत विभिन्न भाषा परिक्षाको शुल्क अनलाइन भुक्तानी गर्दा लाग्ने सेवा शुल्कमा ५० प्रतिशत छुट प्रदान गर्नेछ। यो योजना अगस्ट ३१, २०२५ सम्म लागू हुनेछ। अन्तर्राष्ट्रिय अनलाइन भुक्तानी सेवामा सेवाग्राहीहरूले भुक्तानीको लागि आवश्यक पर्ने सम्पूर्ण कागजजात पुरा गरेपश्चात् बैंकले रकम भुक्तानीको लागि लाग्ने सेवा शुल्कमा ५० प्रतिशत छुट प्रदान गर्ने छ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रूपमा सम्मानित बैंक हो। साथै, ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकको ३५५ शाखा कार्यालय, ३८५ एटिएम, २३७ शाखा रहित बैंकिङ्ग सेवा, ६७ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ। बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ। बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अस्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ।

### सिद्धार्थ बैंक र मनिपाल टेक्नोलोजीबीच सम्झौता

**काठमाडौं (प्रस)–** ग्राहकहरूको वित्तीय सुरक्षा सुनिश्चित गर्न तथा वित्तीय प्रणालीलाई अझ स्थिर र सुरक्षित बनाउनका लागि सिद्धार्थ बैंक र मनीपाल टेक्नोलोजिज लिमिटेडबीच सम्झौता भएको छ। यस पहलले सम्पत्ति शुद्धिकरण निवारण प्रविधिको सुदृढिकरण गरी नेपाल राष्ट्र बैंकका नियामकीय आवश्यकता अनुरूप वित्तीय अपराधको जोखिमलाई न्यूनीकरण गर्ने प्रतिबद्धतालाई थप सुदृढ बनाउने विश्वास बैंकले लिएको छ। यस सोलुसनले सिद्धार्थ बैंकलाई कृत्रिम बुद्धिमत्ता र मेसिन लर्निङको प्रयोग गरी कारोबार अनुगमन, ठगी नियन्त्रन तथा ग्राहक पहिचान पद्धति अवलम्बन गर्न सक्षम बनाउनेछ। सिद्धार्थ बैंकले मनीपाल टेक्नोलोजिजसँगको सहकार्यमा सम्पत्ति शुद्धिकरण निवारण प्रणालीलाई अन्तर्राष्ट्रिय स्तरको बनाउने लक्ष्य लिएको छ। साथै यस पहलले बैंकिङ उद्योगमा नयाँ मापदण्ड स्थापित गर्ने अपेक्षा गरिएको छ।

### ज्योति विकास बैंकका ग्राहकलाई डेकोर प्यालेसमा छुट

**काठमाडौं (प्रस)–** ज्योति विकास बैंक लिमिटेडले काठमाडौं नयाँबजारस्थित डेकोर प्यालेसमा बैंकका ग्राहकहरूलाई विशेष छुट प्रदान गर्ने सम्बन्धी सम्झौता गरेको छ। यस सम्झौतापश्चात्, ज्योति विकास बैंकका ग्राहकहरूले उक्त फर्निचर शोरुममा १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन्। डेकोर प्यालेसमा घर तथा अफिसहरूको लागि चाहिने सम्पूर्ण फर्निचर, सोफा, कार्पेट लगायतका विभिन्न गुणस्तरीय सामाग्री उपलब्ध छ। ज्योति विकास बैंकले ग्राहकहरूको सुविधालाई प्राथमिकतामा राख्दै, देशका अन्य विभिन्न व्यवसायहरूसँग निरन्तर सहकार्य गर्दै, ग्राहकहरूलाई विशेष छुट र सुविधा प्रदान गर्दै आइरहेको छ। हालै बैंकले नगरकोटस्थित प्रचलित रिसोर्टहरू क्लब हिमालय र होल हिमालय भिजेजमा १० प्रतिशतसम्मको विशेष छुट प्रदान गर्ने सम्झौता पनि गरेको छ।

### चितवनमा टाटाको नयाँ इभी सार्वजनिक




**काठमाडौं (प्रस)–** सिप्रदी ट्रेडिङ्ग प्रा. लि.ले टाटाको नेपालमा हालै लन्च भएको कर्भ इभि, नेक्सन के३ इभि र टाटा टियागो इभि - २०२५ चितवनमा लन्च गरेको छ। चितवनस्थित चितवन गार्डेन रिसोर्टमा बहुप्रतीक्षित गाडीहरू कर्भ इभि, नेक्सन के३ इभि र टाटा टियागो इभि -२०२५ लन्च भएका छन्।

कार्यक्रममा सिप्रदी ट्रेडिङ्ग प्रा. लि.का तर्फबाट प्यासेन्जर भेहिकलका बिजनेस युनिटका प्रमुख महाप्रबन्धक सावन्तजंग सिजापती, टाटा मोटर्सको लागि नेपालका कन्ट्री म्यानेजर प्रसन्न रंगनाथानको साथ सुमन कुमार श्रेष्ठ, उद्योग वाणिज्य महासंघ चितवनका अध्यक्षको प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रममा बोल्दै सिप्रदी ट्रेडिंगका प्यासेन्जर भेहिकलका बिजनेस युनिटका प्रमुख सावन्त जंग सिजापतीले भने, 'आज टाटा इभिको नंया मोडलहरू चितवनमा लन्च गर्न पाउँदा हामी अत्यन्त उत्साहित छौं।

इभी डिजाइन, प्रिमियम फिल, सेफ्टी फिचर, उत्कृष्ट साउन्ड सिस्टम र सबैभन्दा महत्वपुर्ण नेपाल बाटो घाटोलाई सुहाउने प्रिमियम गाडी भएकोले प्रिमियम एसयूभी लिन खोज्ने ग्राहकहरूको पहिलो रोजाइमा पर्नेमा हामी दुक्क छौ। नेक्सन के३ इभि अझै ठुलो ब्याट्रीमा धेरै रेञ्जमा आएको छ। टियागो इभि २०२५ मोडेल नंया लुक्स, नंया सुविधाहरू तर पुरानै मूल्यमा आएको छ। अब ग्राहकहरूले नेपालको बाटो सुहाउँदो, सुरक्षित टाटाको गाडीहरू आफ्नो बजेट र इच्छा अनुसारले रोज्न सक्नु हुन्छ।' त्यस्तै सफल मोटर्सका प्रबन्ध निर्देशक गोपाल भट्टराईले टाटा मोटर्सको आधुनिक र प्रिमियम गाडीहरू लन्च गर्न पाउँदा हर्सित भएको बताए।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ